म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २८८ बिहीबार १८ जेठ २०८० ने. सं. ११४३ तछलाथ्व 1 June 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**कर्मचारी आवश्यकता**

यस मकवानपुर सहकारी अस्पतालभित्र रहेको सक्षम औषधी पसल र अग्रिम औषधी पसलका लागि लेखापाल आवश्यकता परेको हुँदा सम्पर्क राख्नुहोला ।
तलब: आपसी समझदारीमा निर्धारण गरिनेछ ।

सक्षम औषधी पसल/अग्रिम औषधी पसल
मकवानपुर सहकारी अस्पताल
हेटौंडा-१, सम्पर्क नं.: ९८५५०७४९००, ९८४४१२७००९

# भारतीय संसदको नक्सा सच्याउन हेटौंडाबाट कूटनीतिक पहल खोजियो

साझाकुरा संवाददाता

हेटौंडा, १७ जेठ/ भारतको नयाँ संसद भवनमा राखिएको 'अखण्ड भारत'को नक्सामा नेपालको लुम्बिनी, कपिलवस्तु क्षेत्र समेटिएको विरोधमा बागमती प्रदेशसभामा संकल्प प्रस्ताव स्वीकृत भएको छ ।

आगामी आर्थिक वर्ष २०८०/८१ का लागि प्रस्तुत नीति तथा कार्यक्रममाथि दफाबार छलफलका लागि बोलाइएको बुधवारको प्रदेशसभा बैठकमा भारतको 'अखण्ड भारत'को नक्साविरुद्ध संकल्प प्रस्ताव पारित भएको हो । नेपालको भूभाग समेटेको नक्सा संसद भवनमा राखेसँगै भारतको तीव्र आलोचना भइरहेको छ । प्रधानमन्त्री प्रचण्ड बुधवार भारत भ्रमणका लागि त्यहाँ पुगेका छन् । प्रचण्ड भारत पुग्नु र हेटौंडास्थित बागमती प्रदेशसभामा 'अखण्ड भारत'को नक्सा सच्याउन माग गर्दै कूटनीतिक पहल खोजी गरिएको हो ।



बागमतीका सांसदहरुले उक्त नक्सा सच्याउन प्रधानमन्त्री प्रचण्डमार्फत भारतसँग कूटनीतिक पहलको अपेक्षासमेत राखेका हुन् । प्रधानमन्त्री प्रचण्ड चारदिने औपचारिक भ्रमणका सिलसिलामा नयाँदिल्ली पुगेका हुन् । करिब १ सय २० सदस्यीय टोलीको नेतृत्व गर्दै उनी दिल्ली गएका हुन् । बुधबार दिउँसो नयाँदिल्ली पुगेका प्रधानमन्त्री प्रचण्डलाई इन्दिरा गान्धी अन्तर्राष्ट्रिय बिमानस्थलमा भारतीय विदेश राज्यमन्त्री मिनाक्षी लेखीले स्वागत गरिन् । दिल्लीस्थित नेपालका राजदूत शंकर शर्मा पनि विमानस्थल पुगेका थिए । विमानस्थल बाहिर सांस्कृति टोलीले झाँकी प्रदर्शन गरेको थियो ।

नेकपा एमालेले बुधवार बसेको प्रदेशसभा बैठकमा प्रदेशसभा नियमावली २०७४ को परिच्छेद १३ बमोजिम संकल्प प्रस्ताव पेश गरेको थियो । नेकपा एमाले बागमती प्रदेशका प्रमुख सचेतक मधुसुदन पौडेलले पेश गरेको संकल्प प्रस्ताव सर्वसम्मतिले स्वीकृत गरेको छ । प्रदेशसभाको दोस्रो कार्यकालमा बुधवार पहिलो पटक संकल्प प्रस्ताव पेश भएको हो । सभामुख भुवनकुमार पाठकले निर्णयार्थ पेश गरेको संकल्प प्रस्तावलाई प्रदेशसभामा प्रतिनिधित्व गर्ने एमालेसहित नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, राप्रपा, नेकपा (एकीकृत समाजवादी), नेपाल मजदुर किसान पार्टी र हाम्रो नेपाली पार्टीले समर्थन गरेका छन् ।

प्रदेशसभा नियमावलीको नियम निलम्बन गरेर संकल्प प्रस्ताव पेश गरिएको थियो । प्रमुख प्रतिपक्षी दलको प्रस्तावलाई टेबुल गराउन सत्तारुढ दल नेकपा माओवादी केन्द्र बागमती प्रदेशका मुख्य सचेतक रत्नप्रसाद ढकालले प्रदेशसभा नियमावली २०७४ को नियम २११ को उपनियम (१) बमोजिम नियम निलम्बन गरेका थिए ।

नियम निलम्बन पश्चात् प्रमुख सचेतक पौडेलले संकल्प प्रस्ताव पेश गरेका थिए । प्रस्तावमाथि कांग्रेसका सचेतक कुन्दनराज काफ्ले, माओवादी केन्द्रका मुख्य सचेतक रत्न ढकाल, राप्रपाकी कुमारी तामाङ, एकीकृत समाजवादीका कृष्णप्रसाद शर्मा र हाम्रो नेपाली पार्टीका शैलेन्द्रमान बज्राचार्यले समर्थन गरेका हुन् ।

प्रस्तावक पौडेलले नेपालको लुम्बिनी कपिलवस्तु भूभाग समेटेर आफ्नो भारतीय संसद् भवनमा नक्सा राखेकोमा प्रदेशसभाको ध्यानाकर्षण भएको र उक्त नक्सा सच्याउन कूटनीतिक रुपमा नेपाल सरकारले पहल गर्नुपर्ने बताए । बागमती प्रदेशसभामा संकल्प प्रस्ताव पारित हुँदा देशका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड भारत भ्रमणमा छन् । नेपाल कसैको अधीनमा नरहेको भन्दै नक्सा सच्याउन सरकारले भूमिका खेल्नुपर्ने पौडेलको भनाई छ ।

भारतमा आइतबार उद्घाटन भएको नयाँ संसद् भवनमा 'अखण्ड भारत'को नक्सा भित्तामा अंकित गरिएको छ । सो नक्सामा 'अखण्ड भारत' भन्दै नेपालको लुम्बिनी, कपिलवस्तुदेखि पाकिस्तानको तक्षशिलासम्मको क्षेत्रलाई समेटिएको छ । जसको विरोध नेपालमा तीव्ररुपले भइरहेको छ । सत्तारुढ भारतीय जनता पार्टी (बीजेपी)को मातृ संस्था राष्ट्रिय स्वयंसेवक संघ(आरएसएस)ले अखण्ड भारतको विषयलाई उठाउँदै आएको छ । जसलाई प्राचीन समयमा भारतीय प्रभाव क्षेत्रको रुपमा व्याख्या गर्ने गरेको छ ।

# बागमती प्रदेशलाई झण्डै १६ अर्ब, मकवानपुरलाई ४ अर्ब बजेट

साझाकुरा संवाददाता

हेटौंडा, १७ जेठ/संघीय सरकारले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि बजेट ल्याएको छ । अब प्रदेश र स्थानीय तहले बजेटको तयारीमा छन् ।




बागमती प्रदेश सरकारले बजेटको तयारी तीव्र बनाएको छ । बजेटको आन्तरिक तयारीमा जुटेका मकवानपुरका १० वटा स्थानीय तहले प्रदेश सरकारको बजेटपछि मात्रै पालिकाको बजेटलाई अन्तिम रुप दिन्छन् । प्रमुखत: संघीय सरकारको बजेटलाई आधार मानेर प्रदेशले र प्रदेशको बजेटपछि स्थानीय सरकारले बजेट ल्याउने गर्दछन् । संघीय सरकारले प्रदेशदेखि स्थानीय तहसम्मलाई अन्तर सरकारी वित्तीय हस्तान्तरणअन्तर्गत् अनुदान पठाउने गरेको छ । जसअन्तर्गत् बागमती प्रदेश सरकारले झण्डै १६ अर्ब र मकवानपुरका १० स्थानीय तहलाई करिब साढे ४ अर्ब बजेट अनुदान बिनियोजन भएको छ ।

संघीय सरकारले आगामी आव ८०/८१ मा सात प्रदेशमा १ खर्ब ५ अर्ब ६ करोड ६८ लाख रुपैयाँ अनुदान पठाउने भएको हो । संघीय सरकारले समानीकरण, सशर्त, विशेष र समपूरक गरी चार शीर्षकमा प्रदेशमा अनुदान पठाउने गरेको छ । प्रदेशले पाएको अनुदान चालु आर्थिक वर्ष २०७९/०८० को भन्दा २४ अर्ब ३९ करोड रुपैयाँ कम हो । जसमा बागमती प्रदेशले संघीय सरकारबाट १५ अर्ब ८१ करोड २३ लाख अनुदान पाएको छ । बागमतीले चालुतर्फ १० अर्ब ७१ करोड ५९ लाख र पुँजीगततर्फ ५ अर्ब ९ करोड ६४ लाख रुपैयाँ अनुदान पाएको हो ।

बागमतीले समानीकरण अनुदान ८ अर्ब १ करोड ३५ लाख, सशर्त अनुदान ५ अर्ब ७६ करोड ८८ लाख, विशेष अनुदान ७३ करोड र समपूरक अनुदान १ अर्ब ३० करोड रुपैयाँ रहेको छ । सात प्रदेशमध्ये समपूरक अनुदान सबैभन्दा बढी बागमती प्रदेशले पाएको हो । गतवर्ष सबैभन्दा धेरै बागमती प्रदेशले २० अर्ब ३२ करोड ६६ लाख अनुदान पाएको थियो । बागमतीको अनुदान आगामी वर्षका लागि करिब ४ अर्ब रुपैयाँले घटेको छ । बागमतीको १३ जिल्लामध्ये काठमाडौंले ७ अर्ब १४ लाख, काभ्रेले ५ अर्ब १३ करोड २२ लाख, धादिङले ४ अर्ब ७६ करोड ९ लाख, सिन्धुपाल्चोकले ४ अर्ब ६४ करोड ७५ लाख पाएको छ ।

संघीय सरकारले चितवनलाई ४ अर्ब ५७ करोड ७६ लाख, मकवानपुरमा ४ अर्ब २९ करोड ५८ लाख, सिन्धुलीलाई ३ अर्ब ९९ करोड ३७ लाख, नुवाकोटलाई ३ अर्ब ९८ करोड ३४ लाख, दोलखामा ३ अर्ब ३८ करोड ३८ लाख, रामेछापमा ३ अर्ब २५ करोड ३१ लाख, ललितपुरमा ३ अर्ब ७ करोड ८८ लाख, भक्तपुरमा २ अर्ब २९ करोड २५ लाख र रसुवामा १ अर्ब १६ करोड ५४ लाख पठाउने बजेटमा उल्लेख छ ।

बजेटको अन्तर सरकारी वित्तीय हस्तान्तरण पुस्तिका अनुसार सबैभन्दा धेरै अनुदान कर्णाली प्रदेशले पाएको छ । उक्त पुस्तिकामा उल्लेख भए अनुसार कर्णाली प्रदेशले १६ अर्ब २७ करोड ३९ लाख रुपैयाँ अनुदान पाएको छ । जसमध्ये ११ अर्ब ८८ करोड १७ लाख चालुतर्फ र ४ अर्ब ३९ करोड २२ लाख रुपैयाँ पुँजीगततर्फको अनुदान छ ।

कोशी प्रदेशले १६ अर्ब ११ करोड ७० लाख रुपैयाँ पाएको छ । जसमध्ये चालुतर्फ १० अर्ब ९१ करोड १८ लाख र पुँजीगततर्फ ५ अर्ब २० करोड ५२ लाख रहेको छ । लुम्बिनी प्रदेशले १५ अर्ब ३८ करोड ४२ लाख रुपैयाँ अनुदान पाएकामा १० अर्ब ६५ करोड २१ लाख चालुतर्फ र ४ अर्ब ७३ करोड २१ लाख पुँजीगततर्फको रहेको छ । सुदूर पश्चिम प्रदेशले १४ अर्ब ४२ करोड १९ लाख रुपैयाँ अनुदान पाएको छ । जसमध्ये १० अर्ब ४२ करोड ९४ लाख चालुतर्फ र ३ अर्ब ९९ करोड २५ लाख रुपैयाँ पुँजीगततर्फको अनुदान छ ।

गण्डकी प्रदेशले पाएको १३ अर्ब ६० करोड ४० लाख अनुदानमध्ये ९ अर्ब ४३ करोड १८ लाख चालुतर्फ र ४ अर्ब १७ करोड २२ लाख रुपैयाँ पुँजीगततर्फ रहेको छ । सबैभन्दा कम अनुदान पाएको मधेश प्रदेशले १३ अर्ब ४५ करोड ३५ लाख रुपैयाँ पाएको छ । जसमध्ये ९ अर्ब ५६ करोड २६ लाख चालुतर्फ र ३ अर्ब ८९ करोड ९ लाख पुँजीगततर्फ रहेको छ ।

**मकवानपुरलाई करिब साढे ४ अर्ब**

संघीय सरकारले मकवानपुरको १० वटा स्थानीय तहा लागि ४ अर्ब २९ करोड ५८ लाख रुपैयाँ अनुदान पठाउने भएको हो । जिल्लाका दश स्थानीय तहमध्येमा सबैभन्दा बढी हेटौंडा उपमहानगर पालिकाले संघीय बजेट पाएको छ ।

हेटौंडा उपमहानगर पालिकाले १ अर्ब १४ करोड ५० लाख, थाहा नगरपालिकाले ४५ करोड ४ लाख, मकवानपुरगढी गाउँपालिकाले ३ करोड ३८ लाख, मनहरी गाउँपालिकाले ३४ करोड २३ लाख, राक्सिराङ गाउँपालिकाले ३२ करोड १५ लाख बजेट अनुदान पाउने भएको छ ।

यसैगरी, भौगोलिक रुपले विकटसमेत रहेको इन्द्रसरोवर गाउँपालिकाले २३ करोड ३६ लाख रुपैयाँ, कैलाश गाउँपालिकाले २८ करोड ३२ लाख रुपैयाँ, बकैया गाउँपालिकाले ४६ करोड रुपैयाँ, बागमती गाउँपालिकाले ३५ करोड १४ लाख रुपैयाँ, भीमफेदी गाउँपालिकाले ३४ करोड ४६ लाख रुपैयाँ प्राप्त गर्ने भएका छन् ।

# एकल महिलाहरुलाई स्वरोजगार बनाउन बाख्रा वितरण

साझाकुरा संवाददाता

हेटौंडा, १७ जेठ/ थाहा नगरपालिका वडा न ४ ले एकल तथा बिधवा महिलालाई स्वरोजगार बनाउनका लागि बीउ बाख्रा वितरण गरेको छ । मंगलबार वडा कार्यालयले वडाभित्रका २५ जना एकल महिलालाई बाख्रा वितरण गरेको हो ।



वडाअध्यक्ष नारायण लामाका अनुसार वडाको वार्षिक स्वीकृत कार्यक्रम अनुरुप आर्थिकरुपमा आत्मनिर्भर बनाउने अभियानअन्तर्गत वडाले एकल महिला बाख्रा वितरण गरिएको बताए । आर्थिक तथा सामाजिक सूचाङ्कका आधारमा पछि परेका महिलालाई जीविकोपार्जन गर्ने उद्देश्यले स्थानीय जातका बाख्रा वितरण गरिएको कार्यक्रमका सहजकर्ता तथा पशु विकास शाखा प्रमुख राघवेन्द्र मिश्रले बताए ।

बाख्रा वितरण कार्यक्रममा थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीले 'एकल महिलाको आयआर्जनमा वृद्धि गर्ने उद्देश्यले बाख्रा वितरण गरेका छौँ,' उनले भने, 'बाख्रा पालनबाट महिलाको जीवनस्तर माथि उठाउन टेवा पुग्ने छ।' साथै उनले आगामी वर्ष अरु वडामा बाख्रा वितरण गर्दा यही वडाबाट उत्पादित बाख्रा वितरण गर्न पाइए त्यो नै उपलब्धि हुने बताउदै बाख्रापालन सजिलो पेशा तथा राम्रो आयआर्जन गर्न सकिने व्यवसाय भएको उनको भनाई छ ।

वडाबाट बाख्रा पाएपछि खुसी हुँदै इन्दिरा केसीले यसले आफ्नो आर्थिक सुधारमा टेवा पुग्ने बताइन् । वडाले दिएको बाख्राबाट संख्या वृद्धि गर्दै आगामी दिनमा राम्रो आम्दानी लिने उनको भनाई छ । यसअघि महिलालाई पशु विकास शाखाले बाख्रापालनसम्बन्धी ३ दिने तालिम समेत दिएको थियो । बाख्रा वितरण कार्यक्रममा कृषि शाखा प्रमुख संजय तिवारी, वडासदस्य शुन्दरराज केसी, वडाका पशुप्राविधिक रुपेशकुमार मिश्रलगायतको उपस्थिति रहेको थियो ।

# कैलाशमा ६ जना चेलीको सम्मान



साझाकुरा संवाददाता

हेटौंडा, १७ जेठ/ मकवानपुरको कैलाश गाउँपालिकाले ६ जना चेलीलाई सम्मान गरेको छ । पालिकाले चेली प्रोत्साहन कार्यक्रम अन्तर्गत बुधबार ६ जना चेलीलाई सम्मान गरेको हो ।

पालिकाको बार्षिक नीति तथा कार्यक्रममा समाबेश भएका कार्यक्रम अर्न्तगत २० हजार रुपैंया नगद र सम्मानपत्र सहित कैलाश ६ की संगीता ढुंगाना, प्रतिभा अर्याल र लक्ष्मी श्रेष्ठ, कैलाश १० का सरुया प्रजा र उर्मिला थिङ, त्यसैगरी कैलाश २ कि लक्ष्मी मुक्तानलाई गाउँपालिकाका अध्यक्ष लोकबहादुर मुक्तान र उपाध्यक्ष बालकुमार मल्ल ठकुरीले नगद सहित सम्मान गरेका हुन् ।

गाउँपालिका अध्यक्ष मुक्तानले विवाह अघि कम्तिमा पनि १० जोड २ पास गर्नुपर्छ र २० बर्ष पूरा हुनुपर्छ भन्ने सन्देश दिनका लागि प्रोत्साहन कार्यक्रम राखिएको बताए । मुक्तानले देशभरका स्थानीय तहमध्ये पृथक कार्यक्रमको सुरुवात गरेको सुनाए । 'गाउँघरमा छोरीलाई बालविवाह गर्ने, पढाइबाट बञ्चित गर्ने चलन अझै रहेको र यस्ता कार्यक्रमले सकारात्मक सन्देश जाने कुरामा विश्वास लिएका छौँ'- मुक्तानले भने ।

कार्यक्रममा बोल्दै पालिकाका उपाध्यक्ष ठकुरीले कार्यक्रमलाई बृहतरुपमा विस्तार गर्दै लैजाने बताए । त्यसैगरी प्रमुख प्रशासकीय अधिकृत अशोक बिष्टले बालविवाह अन्त्यका लागि पालिकाले विभिन्न कार्यक्रम गरिरहेको सुनाए ।

गाउँपालिका सामाजिक विकास समिति संयोजक राजेन्द्र घिसिङले यो बर्ष ६ जनालाई सम्मान गरेजस्तै अर्को बर्ष अझ धेरै चेली सम्मान गर्ने वातावरणका लागि आ-आफ्नो क्षेत्रबाट सबैले काम गर्नुपर्ने बताए । सम्मानित भएसँगै सरुया प्रजाले गाउँपालिकाले चेली प्रोत्साहन कार्यक्रममार्फत सम्मान गरेकोमा आफूलाई उत्साह मिलेको र सामाजिक समस्याको रुपमा रहेको बालविवाह, विद्यालय नजाने जस्ता समस्या समाधनमा लाग्न उर्जा मिलेको बताइन् ।

# सार्वजनिक यातायातमा स्टिकर र डस्बिन

साझाकुरा संवाददाता

हेटौंडा, १७ जेठ/पूर्व-पश्चिम राजमार्गअन्तर्गत् हेटौंडा उपमहानगरपालिका-१५ रातोमाटेमा सार्वजनिक सवारीसाधनमा सचेतनामुलक स्टिकर टाँसी फोहर जम्मा गर्ने डस्बिन प्रदान गरिएको छ ।



विश्व वातावरण दिवसको अवसरमा वातावरण सफा राख्ने उद्देश्यले कार्यक्रम गरिएको टोल विकास संस्था नगर समन्वय समिति हेटौंडाका महासचिव शिवहरि दाहालले बताए । टोल विकास संस्था नगर समन्वय समिति हेटौंडाको आयोजना, सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी सेवाकेन्द्र हेटौंडा-११ थानाभञ्याङको व्यवस्थापनमा कार्यक्रम भएको हो । हेटौंडा बसपार्क, संगम बसपार्क, भीमफेदी बसपार्क, रातोमाटे चेकपोष्टबाट चल्ने ६ सय भन्दा बढी सवारी साधनमा स्टिकर टासिने र डस्बिन वितरण गरिने आयोजक संस्थाले जनाएको छ ।

नगर समन्वय समितिका अध्यक्ष ध्रुव अधिकारीको सभाध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहा नगरपालिका ११ नम्बर वडाकी अध्यक्ष जुना दाहालको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा सामुदायिक सेवाकेन्द्र तथा सामुदायिक प्रहरी सेवाकेन्द्र हेटौंडा-११ का अध्यक्ष देवकुमार श्रेष्ठ, सदस्य यज्ञबहादुर आचार्य, नारायणी यातायात संघका महासचिव सरोज खनाल, ट्राफिक प्रहरी कार्यालयका प्रतिनिधि, हेटौंडा उपमहानगरपालिका वातावरण महाशाखाका प्रतिनिधि लगायतको आतिथ्यता थियो ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# सरकारी प्रयासमा मितब्ययिता

पूँजीगत खर्च भन्दा चालुखर्चको भोलुम बढ्दै गएपछि सरकारले मितब्ययिताको नीति अवलम्बन गर्ने भएको छ । एकै प्रकृतिका समान कार्यालय खारेज गरी खर्च घटाउने प्रस्ताव बजेटमार्फत् गरेको हो । सरकारले आगामी आर्थिक वर्षको बजेटमार्फत् विभिन्न २० वटा सरकारी बोर्ड, कार्यालय, समिति तथा एकाइलाई खारेज गर्ने, पाँचवटालाई पुनसंरचना गर्ने र एउटालाई स्थानीय तहमा हस्तान्तरण गर्ने भएको छ । सोमबार प्रस्तुत बजेट वक्तव्यअनुसार कपास विकास समिति, अतिरिक्त हुलाक कार्यालय, महिला तथा बालबालिका विभाग, नेपाल विश्वविद्यालय पूर्वाधार तयारी विकास समिति, विभिन्न मेडिकल कलेज पूर्वाधार विकास समिति, विभिन्न ताल संरक्षण विकास समितिलाई खारेज गरिने भएको छ ।

राष्ट्रिय दुग्ध विकास बोर्ड खारेज गरी सम्बन्धित मन्त्रालयबाट कार्यसम्पादन गरिने, फिलाटेलिक तथा टिकट व्यवस्थापन कार्यालय र केन्द्रीय धनादेश कार्यालय खारेज गरी हुलाक सेवा विभागबाट कार्यसम्पादन गरिने भएको छ । बूढीगण्डकी जलविद्युत् आयोजना, वातावरण, मुआब्जा वितरण, पुनर्वास तथा पुनस्थापना एकाइ खारेज गरी बूढीगण्डकी जलविद्युत् कम्पनीबाट कार्यसम्पादन गरिने बजेट बक्तब्यमा उल्लेख छ । बजेटमा जिल्ला निर्वाचन कार्यालय खारेज गरी जिल्ला प्रशासन कार्यालयमा निर्वाचन एकाइ रहने व्यवस्था गरिएको छ भने तथ्याङ्क कार्यालय खारेज गरी स्थानीय तहबाट तथ्याङ्क संकलन गरिने र समन्वयका लागि प्रादेशिकस्तरमा कार्यालय स्थापना गरिने उल्लेख छ । सरकारले भूमिगत जलस्रोत विकास समिति र जलस्रोत अनुसन्धान तथा विकास केन्द्र खारेज गरी अनुसन्धानसम्बन्धी कार्य जल तथा ऊर्जा आयोगबाट र पूर्वाधारसम्बन्धी काम जलस्रोत तथा सिँचाइ विभागबाट गर्ने तयारी गरेको छ । रेल्वे बोर्ड खारेज गरी रेलवे बोर्डले गर्ने कार्य रेल विभागले गर्ने, कीटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्र विकास समिति खारेज गरी स्वास्थ्य सेवा विभागको इपिडेमियोलोजी महाशाखाअन्तर्गत् सञ्चालन गरिने बजेटमा उल्लेख छ । त्यसैगरी राष्ट्रिय सूचना प्रविधि केन्द्र खारेज गरी यससम्बन्धी कार्य सूचना प्रविधि विभागले गर्ने, रेडियो नेपाल र नेपाल टेलिभिजन एक अर्कामा गाभी एकीकृत सार्वजनिक प्रसारण संस्था गठन गरिने जनाइएको छ । सरकारले इन्टरमोडेल यातायात विकास समिति खारेज गरी नेपाल पारवहन तथा गोदाम व्यवस्थापन कम्पनी लिमिटेडले सोसम्बन्धी काम गर्ने र पर्वतीय प्रशिक्षण विकास समिति खारेज गरी नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानमा गाभ्ने तयारी गरेको छ । विभिन्न कार्यालयलाई पुनसंरचना गर्ने सरकारको योनजा छ ।

सीमानाका क्वारेन्टाइन कार्यालय, पशु क्वारेन्टाइन कार्यालय तथा खाद्य आयात निर्यात तथा गुणस्तर प्रमाणीकरण कार्यालयलाई गाभेर एउटै कार्यालय बनाई खाद्यप्रविधि तथा गुणनियन्त्रण विभाग मातहत सञ्चालनमा ल्याइने भएको छ । कृषि तथा पशुसम्बन्धी प्रयोगशाला, फार्म केन्द्र र स्रोत केन्द्रलाई प्रदेश तहमा हस्तान्तरण गर्ने, जिल्ला हुलाक कार्यालय र इलाका हुलाक कार्यालयलाई पुनसंरचना गरी एक स्थानीय तह एक हुलाक राखिने बजेटमा उल्लेख छ । विशेष आर्थिक क्षेत्र प्राधिकरण र औद्यागिक क्षेत्र व्यवस्थापन लिमिटेडलाई गाभी एकीकृत संरचना बनाउने र मालपोत र नापी कार्यालय आवश्यकताअनुसार क्रमश: एकीकृत गरी एकद्वारबाट जग्गा प्रशासनसम्बन्धी सेवा उपलब्ध गराउने सरकारको तयारी छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० जेष्ठ १९ गते शुक्रबार २ जुन २०२३ । त्रयोदशी, जेष्ठ शुक्लपक्ष । तछलाथ्व ११४३ ने.सं. । सूर्योदय ५:१०, सूर्यास्त ६:५४ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मुद्दा-मामिलामा विजयी भइनेछ | तुला | : व्यवसाय अवरुद्ध बन्न सक्नेछ |
| वृष | : लगनशीलताले उपलब्धि दिलाउनेछ | वृश्चिक | : सहयोगीका माध्यमबाट काम बन्नेछ |
| मिथुन | : प्रयत्न सफल हुनेछ | धनु | : बन्धु-बान्धवबीच आत्मीयता बढ्नेछ |
| कर्कट | : पढाइलेखाइमा प्रगति हुनेछ | मकर | : कृषि-चौपायाबाट लाभ मिल्नेछ |
| सिंह | : सेवामूलक कामबाट धनलाभ हुनेछ | कुम्भ | : नयाँ काममा सफलता मिल्नेछ |
| कन्या | : स्वास्थ्य कमजोर रहनेछ | मीन | : स्थायी सम्पत्ति जोड्ने समय छ |

# हेटौंडा उपमहानगरपालिकाको विकासका लागि केही सुझाव



✍ भीमसेन महत

**पर्यटन**

**क) धार्मिक पर्यटन** :

राज्य सञ्चालनमाा अर्थको मुख्य भूमिका हुन्छ । राज्यको अर्थ संकलनको मुख्य स्रोत भनेको नागरिकबाट उठाईने कर नै हो । विभिन्न पेशा व्यवसाय धर्म मान्ने सबै नागरिकबाट कर उठाइन्छ । धर्म व्यक्तिको आस्थाको विषय हो र राज्य पनि धर्मनिरपेक्ष भएको छ । तसर्थ सम्पूर्ण जाति र धर्मावलम्बीसँग उठाइएको कर एउटा धर्म विशेषमा लगानी गर्नु सर्वथा गलत कुरा हो तर, यसमा धार्मिक अर्थमा नभई विशुद्ध हेटौंडा नगरमा पर्यटक भित्र्याई आयआर्जन बढाउने यसको लक्ष्य रहेको छ ।

गएको वर्ष हेटौंडा उपमहानगरापालिकाले विभिन्न धर्म संस्कृतिसँग जोडिएका मठ मन्दिर, गुम्बा, चर्चलाई सानासाना रकम विनियोजित गरिएको कारण परिणाममुखी कार्य हुन सकेन तसर्थ प्रत्येकवर्ष ४ देखि ५ वटा मन्दिर छनोट गरी त्यसको DPR (विस्तृत परियोजना प्रतिवेदन) बनाएर उक्त मन्दिर निर्माण सम्पन्न गर्न लाग्ने जति रकम लगानी गर्ने । यसरी प्रत्येक वर्ष ४/५ वटा मन्दिर निर्माण सम्पन्न गर्दै जाँदा ५ वर्षमा करिब २० वटा मन्दिर निर्माण सम्पन्न हुन्छन् । निर्माणसम्पन्न मन्दिर आफ्नै स्रोतमा अगाडि समयमा चल्नुपर्नेछ ।

यसैबीच ५ सयदेखि १ हजारजना अट्नसक्ने धर्मशाला निर्माण गर्नुपर्नेछ । तत्पश्चात ति मन्दिरको ऐतिहासिकता, धार्मिक महत्व लगायतका विषयसमेटेर डकुमेन्ट्रि, ब्रोसरलगायत प्रचार सामग्री बनाएर भारतीय सीमा क्षेत्रका बजार, बिहारको राजधानी पट्नासम्म र नेपालभर प्रचार प्रसार गरी धार्मिक पर्यटन भित्र्याउन सकिन्छ । पञ्चपाण्डवको वनवासको १२ वर्षेको धेरैजसो समय यही मकवानपुरको सेरोफेरोमा विताएका प्रमाण भेटिन्छन् । त्यसलाई अझ बढी खोज र अनुसन्धान गरी पहिचान भएका क्षेत्रको पनि क्रमश संरक्षण र विकास गर्दै अगाडि बढ्नु पर्छ ।

**ख) जलचर संरक्षण** :

सृष्टिको प्रारम्भमा रहेका वनस्पति र प्राणी जतिजति लोप हुदै जान्छन् मानिसमा तयति नै रोगको बृद्धि हुँदै जान्छ भन्ने भनाई छ । वातवरणीय सन्तुलनमा पनि यी वनस्पति र प्राणीको उत्तिकै हात हुन्छ । केहीवर्ष अगाडिसम्म कान्तिराजपथको क्याम्पाडाँडा नजिक कर्राखोलाको नागदहमा गोहीहरु बालुवामा खेलिरहेको जोकसैले देख्न सक्थे, ती गोहीहरु आज लोप भइसकेको छ ।

गाउँघरका सानातिना खोल्साहरुमा पनि १/२ घण्टा सिप्रिङ थापेर एकछाक माछाको तरकारी खाने गर्दथे, आज ती खोल्साहरुमा माछाको जात देख्न पाइँदैन । त्यसैले खोलानालामा जलचार प्राणीको संरक्षण गर्दै विषयविज्ञमार्फत् अध्ययन गरेर गोही लगायत अन्य त्यस्ता प्राणीको निश्चित ठाउँमा फरकफरक जातका जलचर प्राणी संरक्षण गरेर पर्यटकको आकर्षण बढाउन सकिन्छ ।

**ग) डाँफे, कस्तुरी मृग, मृग बाडेल, जरायो फर्म** :

नेपाल सरकारले अहिले डाँफे कस्तुरी मृग, मृगहरुको व्यक्तिगत, समूहगत पाल्न पाईने बनाएको छ । यस्तो व्यावसायिक फर्म बनाएर पनि पर्यटक आउने एउटा विषय बन्न सक्छ ।

**घ) Walking Street :**

स्कुलरोडमा सानो सडक रहेको र सडक विस्तार गर्न पनि समस्या छ । तसर्थ त्यसलाई इन्जिनयुक्त साधनलाई प्रवेश निषेध गरेर संबै घरको रङरोगन, तारहरुको व्यवस्थापन, गमला फूल Hanging flower शान्त संगीत, ठाउँठाउँमा आकर्षक बेन्च सोफालगायतको आकर्षक व्यवस्थापन गरेर पर्यटक भित्र्याउने माध्यम बन्नसक्छ ।

**ङ) Colourful City**

हेटौंडा नगरको मुख्य सडक तथा भित्री सढकको वजारमा रहेको घरहरुमा सडकैपिच्छे छुट्टाछुट्टै रंग लगाएर colourful city को पहिचानमार्फत् अर्के रंग, बुद्धचोकबाट मउवासंघतर्फ अर्कै रङ गर्दै भित्री सडकहरुमा फरक फरक रंगका घरहरु बनाएर आकर्षक बनाई पर्यटक लोभिने कारण बन्नसक्छ ।

**च) आदिवासी जनजाति भेषभूषा प्रर्दशन** :

महिनाको एकपटक वा दुईपटक बजार आउँदाजाँदा हेटौंडा उपमहानगरपालिकामा वसोवास गर्ने आदिबासी जनजातिहरु वा महिला सबै आआफ्नो पहिरनमा आउने सबैजनाको समझदारी बनाउन सकिन्छ । अझ महिला पुरुषले आफ्नै जातिगत पहिरनमा आउनु पर्ने व्यवस्थापन आकर्षण विषय बनाउन सकिन्छ । यो पनि पर्यटक तान्ने राम्रो बिषय हो ।

**छ) आदिवासी जनजाति सङ्ग्रहालय** :

राप्ती नदीको कटान क्षेत्र मै एउटै घेराबारभित्र हाम्रो देशमा रहेका आदिवासी जनजातिका सम्भव भएसम्म बढी छुट्टाछुट्टै जातीय सङ्ग्रालय निर्माण गर्नुपर्छ । संस्कृति अध्ययनका लागि नेपालीदेखि विदेशी पर्यटकसमेत आर्कषित गर्न सकिन्छ ।

**ज) फलफूलको शहर** :

नगरपालिका अर्न्तगत रहेका सम्पूर्ण सडकको दायाँबायाँ आँप, अम्बा, लिच्ची, बयर, रुखकटहर, अमला, सरिफा, एभोकाडो, जस्ता फलफूल रोपेर हुर्काएर जताततै फलफूल भेटिने गरी फलफूलको शहर बनाएर पनि पर्यटक आउने विषय बन्नसक्छ ।

**झ) मन भुलाउने क्षेत्र** :

चौकीटोल झोलुङ्गे पुलदेखि चाइनाक्वाटर नजिक राप्तिखोलाको पूर्वी क्षेत्र नदी किनारमा गार्डेन, musical fountain oxygen, जस्ता आकर्षक संरचना निर्माण गरेर खाली ठाउँहरुमा भाडा लिने गरी रेष्टुरेन्ट, होटलहरु खोल्न दिई पर्यटक तान्न सकिन्छ ।

**ञ) रमणीय क्षेत्र** :

१. राप्तीखोलाको कुष्माण्ड सरोवर त्रिबेणीधाम भन्दा पश्चिमको नदीको उत्तरतर्फको नदीकटान क्षेत्रमा भूगोलले पनि साथ दिएको कारण साह्रै कम लगानीमा ठुलो मानव निर्मित ताल बनाउन सकिन्छ । यो तालसँग जोडिएका अन्य मनोरञ्जनको साधनको व्यवस्था गर्नुपर्छ ।
२. Magic house भुतघर निर्माण
३. Fun park lgd umberella house flower garden
४. Puzzle house शिशा घर/floating water boat race
५. Night life : एउटा निश्चित क्षेत्रफल रात्रि जीवन बिताउने चाहनेलाई डिस्को थेक डान्सबार, दोहोरी गीत लगायतको व्यवस्था गरेर रातभर चल्ने ठाउँ बनाउनुपर्छ । यी सबै क्षेत्रहरुमा सामान्य उपयुक्त ठाउँमा आवश्यक पर्ने नगर पालिकाले पूर्वाधार बनाएर निश्चित नियमको परिधि बनाएपछिको व्यवसायीले माथि भनेका संरचना निर्माण आफैं गर्नेछन् ।

**ट) खुल्ला जङ्गली चिडिया घर** :

सामरी पुलको दक्षिणबाट मनकामना डाँडाको दक्षिणतर्फको जंगलको पाटो हुँदै फुर्केचौर सम्मका जङ्गललाई 'खुल्ला जंगली चिडियाघर' बनाउने, जनावरलाई आवश्यक पर्ने जंगल बासस्थान खानेकुराको व्यवस्थापन गर्दा पर्यटक तान्ने विशेष कार्य हुनेछ ।

**ठ) Tiktok डाँडा** :

पाथिभरा मन्दिर जाने सिढी तथा सडकका दुबैतिरका क्षेत्रलाई विभिन्न रङ्ग तथा हरित विस्तारले श्रृङ्गार गर्दै ठाउँठाउँमा विश्रामस्थल बनाउँदै पाथीभरा मन्दिरलाई जोडेर त्यहाँबाट सिढी बनाउँदै नकौली डाँडाको टुप्पामा रहेको समथर भूभागलाई विभिन्न रमणीय संरचना निर्माण गरी बनाउनुपर्छ ।

पुनश्च : यसरी पर्यटक प्रवर्द्धन गर्न भीमफेदी गाउपालिका, थाहा नगरपालिका, इन्द्रसरोवर, मकवापनुरगढी, बकैया गाउँपालिकालाई जोडेर एकृकीत रुपमा योजना बनाउनुपर्छ ।

**स्वास्थ्य** :

क) प्रत्येक वडामा शुलभ औषधि पसल नगर पालिकाले खोल्ने । यसै पसलबाट बीमाबापत पाईने औषधि पनि उपलब्ध गराउने ।
ख) प्रत्येक वडाको स्वास्थ्यचौकी कर्मचारीमार्फत ६५ वर्ष माथिका दीर्घरोगी (प्रेसर, सुगर, थाइरइड) जस्ताको तथ्याङ्क संकलन गरी स्वास्थ्य स्वयमसेविकामार्फत महिनामा एकपटक सामान्य चेकजाँच र निशुल्क औषधि नगर पालिकाले वितरण गर्ने ।
ग) सुविधा सम्पन्न आर्युवेदिक अस्पतालको स्थापना : एलोपेथिक औषधि तथा उपचार तत्काल उपचार गर्नुपर्ने रोगलाई उपयुक्त भएतापनि अन्य, बेलामा पनि तिनै औषधि प्रयोग गर्दा त्यसको साइड इफेक्ट हुने हुँदा आयुवेदिक अस्पताल र यसको सेवा लिन नागरिकलाई अभिप्ररित गर्नुपर्छ । यसलाई आवश्यक पर्ने जडिबुटी नगरपालिकाअन्तर्गत रहेका सार्वजनिक जग्गामा समूहमार्फत खेती गर्नुपर्छ ।
घ) परिचयविहिन, पैसाविहिन, बाटोमा लडेको बिरामी र ICU मा राख्दा बाच्ने सम्भावना बोकेको तर, आर्थिक अभावको कारण मृत्युवरण गर्न बाध्य जस्तालाई उपचार सहयोग कोष नपाले बनाउने ।
ङ) नगरपालिका अर्न्तगतका नागरिक बिरामी हुँदा call on home treatment का लागि resuce medical team राख्नुपर्छ ।

**कृषि** :

क) हेटौंडा उपमहानगरापालिको कृषि क्षेत्र भएका वडाको प्रत्येक वडामा कृषि तथा पशुपक्षिको बीऊ मलखाद, प्राविधिक र उत्पादनको संलन, भण्डार बजारिकरण लगायत एकै स्थानबाट सेवा प्रदान गर्ने गरी युनिट स्थापना गर्नुपर्छ ।
ख) बहुदेश्यी सहकारीले कृषि प्रवर्द्धन र सुलभ खाद्यान्न पसल सञ्चालन गर्नुपर्ने उद्देश्य बोकेकाहरु बचत संकलन र ऋृण लगानीमा मात्र सीमित भएकालाई उद्देश्य अनुसार कार्य गर्न कढाई लागु गर्नुपर्दछ ।
ग) माटो बचाउ अभियान : रोगी मानिसले विभिन्न रोग लागेको कारण रोग अनुसार औषधी खाएजस्तै माटो बिरामी भएकाले विभिन्न औषधी, भिटामिन, विषादी प्रयोग गर्नुपरेको हो । माटोमा विभिन्न खाले जीवाणु हुन्छन् । सबै जिवाणु फ्याक्ट्रीका मजदुर जस्तै माटोका मजदुर हुन् । यदि माटोलाई १६० डिग्रीमा तताइदिने हो भने त्यो माटो मृत हुन्छ र त्यसमा कुनै पनि बिरुवा वा अन्न उम्रदैनन् अर्थात सबै जीवाणु मर्छन् । माटोलाई निरोगी राख्न, माटोको लागि भिटामिन विषादी आवश्यक परेपनि सबै यहि प्रकृतिमा छन् । प्रकृतिका नै सबै बस्तु प्रयोग गर्दै अन्न वा तरकारी वाली उत्पादन गर्न सकिन्छ । त्यसका लागि यो वर्ष एउटा वडालाई लिएर माटो पोषण भत्ताको व्यवस्था गर्दै अर्गानिक वडा बनाउने क्रममा प्रत्येक वर्ष एउटा वडा थप गर्दै जाउँ ।
छ) प्रत्येक वडाको माटो परिक्षण गरेर माटो अनुसारको उत्पादनको पकेट क्षेत्र तोकी कृषि उत्पादनमा सहयोग गर्नुपर्छ । अनुदानको व्यवस्था गर्नुपर्छ ।

**हेटौंडा नगरपालिका अन्तर्गत पर्ने केहि वडाका बस्तीहरू छुट्टाछुट्टै घरहरू यति विकट छन् चाहेर पनि बस्तीहरुलाई उपमहानगरपालिका स्तरको सेवा सुविधा पुऱ्याउन सकिदैन वा ठुलो धनराशी खर्च गर्नुपर्ने हुन्छ। तसर्थ ठाउँ छनौट गरी एकिकृत बस्ती विकास गर्ने योजना ल्याउनु पर्छ।**

— — — — — — — — — — —

**बस्ती संरक्षण तथा खहरे नियन्त्रण** :

बस्ती संरक्षण तथा खहरे नियन्त्रणमा सबभन्दा बढी बाँस उपयोगी हुन्छ । सबैजसो संरक्षण र नियन्त्रणको ठाउँमा बाँस रोपाईलाई अभियान कै रुपमा अगाडि बढाऔं । बाँस अन्य बिरुवा भन्दा दस गुण बढी वातावरणको कार्बन लिन्छ, घरेलु उपयोगका खाद्यान्नहरु राख्ने भाडा प्रयोग गर्दा खानेकुरा शुद्ध बनाउने, कीराहरु नलाग्ने र शरीरको आवश्यक तत्व खानेकुरामा मिश्रण गराइदिने गुणरहेको हुन्छ । बाँसको प्रजातिमा पहेलो बाँसको त धेरै रोगहरुको औषधीको काम गर्दछ । यसको बढ्ने दर पनि उच्च हुन्छ । यसको संरक्षणबाट बाँसका फर्निचर तथा घरमा उपयोगका अन्य सामान पनि बनाउन सकिन्छ ।

**साइकल ट्र्याक निर्माण** :

खोल्सा खोल्सी अतिक्रमणको कारण धेरै बस्तीहरुमा डुवानको समस्या बढेको छ । अतिक्रमीत ती खोल्सा खोल्सी क्रमैसँग क्षेत्र विस्तार गर्दै खोल्साको साइकल तर्फ निर्माण गर्दै जाने । त्यस क्षेत्रमा वृक्षरोपण गर्ने र ठाउँठाउँमा आराम बेञ्चहरु पनि राख्ने । यसो गर्दा साइकल चलाउनेदेखि पैदल हिड्ने मानिसलाई सजिलो हुन्छ ।

**स्वागत गेट निर्माण** :

हेटौंडा उपमहानगरपालिका क्षेत्रमा प्रवेश गरिने मुख्य सडकको सुरुवात क्षेत्रमा गेट निर्माण गर्ने । उक्त ठाउँमा बगैंचा निर्माण, बस्ने, आराम गर्ने ठाउँ गाडी मोटरसाईकिल धुने ठाउँ, हेटौंडा न.पा.बारे सबै सूचनाहरु राखिएको बोर्ड राख्ने, उक्त ठाउँबाट न.पा. तर्फ आउदैगर्दा सडकको दायाबायाँ विशेष प्रकारको आकर्षक बनाउदै बजार नजिकसम्म जोड्ने ।

सार्वजनिक पहिचानका जग्गाहरु पहिचान गर्दै त्यसलाई कम लगानीमा घेराबार गर्ने (सजिवनको बोट, रंगिन पातको बिरुवा) गर्नुपर्छ । ठाउँ हेरेर वर्षे पोखरी बनाउनुर्छ, जडिबुटी लगाउनुपर्छ, समुह निर्माण गरी आयआर्जन कार्य गर्नुपर्छ, प्रत्येक सार्वजनिक जग्गा भएको ठाउँमा जाँदा एउटा विषयमा जानकारी हुने बनाउनुपर्छ ।

**स्थानीय गाई संरक्षण** :

स्थानीय गाई प्राय: लोप हुने अवस्थामा पुगेको छ । हिन्दु संस्कार अनुसार गरिने विभिन्न धार्मिक पूजापाठहरुमा यसको पिसाब र गोबर अनिवार्य मानिन्छ । यसको प्रयोग धेरै गुणकारी र रोगको औषधी भएको ज्ञाताहरु बताउँछन् र गोबरले हानिकारक ब्यक्टोरियाहरु आउन नदिने एन्टिबायोटिकको काम गर्दछन् भनी जानकारहरु बताउँछन् । अहिले स्थानीय गाईको संरक्षण गरौ, यसको लागि गौशाला बनाइ गौशालामा संरक्षित गाईका पिसाब र गोबर बिक्री गरेर आर्थिक उपार्जन पनि गर्न सकिन्छ ।

**जेष्ठ नागरिक दिवासेवा** :

पहिले संयुक्त परिवार हुन्थे, घरका बृद्धबृद्धा नातीनातीनीसँग खेलेर जिस्केर समय बिताउने गर्थे । हाल वैदेशिक रोजगारी, रोजगारीका क्रममा अन्य ठाउँमा जाँदा वा विभिन्न कारणले हाल वृद्धवृद्धा घरमा एक्लाएक्लै परेका छन् । जसको कारण डिप्रेशन, अल्जाईमर्स जस्ता रोगहरु ह्वात्तै बढेको छ । यसलाई न्यूनीकरण गर्ने प्रत्येक वडामा जेष्ठ नागरिक दिवासेवा सञ्चालन गर्नुपर्छ ।

**दुर्व्यसनी** :

हाल नेपालमा दुर्व्यसनी (hardcore) को संख्या २ लाख ५० हजार हारहारी रहेको र मकवानपुर जिल्लामा ५ हजारको हारहारीमा आंकलन गरिन्छ । प्रहरीको रिपोर्ट अनुसार नेपालमा ७० प्रतिशत र मकवानपुरमा ८० प्रतिशत अपराध दुर्व्यसनीको कारणले भएको तथ्याङ्क छ । हाल बच्चाहरुमा उचित शिक्षाको अभाव, परिवार, समाज र प्रहरीका कारण दुर्व्यसनी बढ्दो अवस्थामा छ र बढ्ने दर हेर्दा अबको १० वर्षमा १२/१३ लाख दुर्व्यसनी पुग्ने अनुमान जानकार बताउछन् । मकवानपुरमा १५ हजार पुगेमा समाजका कोही पनि सुरक्षित रहने छैनन् । अभिभावक, समाज, स्कुल , कलेज र प्रहरी सहित विशेष कार्यक्रम मार्फत यसलाई न्यूनीकरण गर्न सकिन्छ ।

**सुलभ शौचालय** :

हेटौंडा शहरमा शौचालयको ज्यादै आवश्यक छ । शौचालयको अभावमा साह्रै समस्या छ । अलि आधुनिक तरिकाको शौचालय, स्नानधर र कपडा बदल्ने ठाउँ समेत भएको तत्काल ४ ठाउँमा र आवश्यकता अनुसार थप्दै जाने गर्नुपर्छ ।

**कपडाको झोला , सालका दुना, टपरी र पेपरको उद्योग स्थापना** :

प्लाष्टिक जन्य झोला लगायतका बस्तुहरु विस्थापित गर्ने कथाहरु हामी धेरै वर्ष देखि सुन्दै आएका छौ तर त्यसको विकल्प के हो त्यो दिन सकेको छैनौ । तसर्थ कपडाका झोला पेपरबाट बनेका विभिन्न खालका गिलास प्लेट, कुनै सामान पोको पनि मिल्ने कागजको थैली, सालका दुना टपरी (सकाएको) साह्रै न्यून ब्याजमा सहुलियत ऋृण तथा अनुदान दिएर तत्काल खोल्नु पर्छ ।

**आर्थिक वर्गिकरण तथ्याङ्क सङ्कालन** :

क) हेटौंडा नगरपालिका अर्न्तगत १९ वडा मै नागरिकको आर्थिक विवरण संकलन गर्ने, उक्त तथ्याशङ्क अनुसार निश्चित मापदण्ड अपनाएर आधार कार्ड मार्फत न्यून आर्थिक अवस्थाको लागि र सोही अनुसार वृद्धि हुँदै जाने नियम बनाई प्रत्येक वडामा सुलभ खाद्यान्न पसल खोल्नु पर्छ । क्रमश : न्यून आय भएका जनताको आर्थिक जीवन स्तर उकास्ने योजना बनाउनु पर्छ ।
ख) शहरी गरिबहरु कुल्ली काम गर्ने, ढेलागाडा चलाउने, दैनिक ज्यालादारी गर्नेहरु साह्रै कष्टकर जीवन बाचिरहेको छन् । विगतमा यहि हेटौंडा बजारमा त्यस्ता मजदुर सडकको पेटीमा बेवारिसे मृत्युवरण गरेको पाएका छौं । ती पनि नेपाली नागरिक हुन्, ती पनि बाँच्न पाउनु पर्छ , तसर्थ त्यस्ता मजदुरको तथ्याङ्क लिएर नगरपालिकाले परिचय पत्र दिई बाँच्ने ग्यरेन्टी गरिदिनुपर्छ ।
ग) त्यस्तै आर्थिक तथ्याङ्कको आधारमा गरिबको मृत्यु संस्कार खर्च नगरपालिकाको व्यहोनुपर्छ ।

**मानवीय कोष** :

हेटौंडा नगरपालिले एउटा मानवीय कोष बनाउनु पर्छ । उक्त मानवीय कोष सञ्चालनको विधि बनाई शिक्षा, रोग, भौकमा सहयोग गर्नुपर्दछ ।

**नमुना गाउँ, नमुना टोल** :

हरेक वडाका टोल छनौट गरी २/३ वटा टोललाई नमुना टोल बनाउने । त्यसैगरी वडाका अलि बस्ती भएको छुट्टै गाउँ बनाउनुपर्छ । यसो गर्दा अरु बाँकी टोल र गाउँ पनि उत्साहित हुनेछन् । क्रमिक रुपमा सोही अनुसार विकास हुनेछ ।

**एकिकृत बस्ती** :

हेटौंडा नगरपालिका अन्तर्गत पर्ने केहि वडाका बस्तीहरु छुट्टाछुट्टै घरहरु यति विकट छन् चाहेर पनि बस्तीहरुलाई उपमहानगरपालिका स्तरको सेवा सुविधा पुऱ्याउन सकिदैन वा ठुलो धनराशी खर्च गर्नुपर्ने हुन्छ । तसर्थ ठाउँ छनौट गरी एकिकृत बस्ती विकास गर्ने योजना ल्याउनु पर्छ ।

**सहकारी** :

धेरै सहकारीले दर्ता गर्दाका बखत राखिएको उद्देश्य विपरित बचत संकलन र ऋृण लगानी मात्र गर्न थालेका छन् । सहकारीको अवधारणा नै सिङ्गै समाजलाई उत्पादनसूग समूहगत जोडिएर विकास गर्नु हो । तसर्थ कडाईका साथ उत्पादनसँग जोड्दै विगतमा केहिले सञ्चालन गरेको सहुलियत पसल खोलन सबै सहकारलाई लगाउनु पर्छ ।

**चौतरा निर्माण** :

प्रत्येक वडामा प्रत्येक वर्ष ५ वटाका दरले चौतरा निर्माण गर्नुपर्छ । उक्त चौतरामा वर र पिपलको वृक्ष लगाउनु पर्छ । वर पिपलले उच्चतम अक्सिजन दिने हुनाले छिटो थकाई मेटिन्छ । वृद्ध वृद्धाहरुलाई सहज हुन्छ ।

**शिक्षण** :

क) नर्सरी प्रा.वि पढाउने शिक्षकले न्यूनतम १ महिना बाल मनोविज्ञान बारे प्रशिक्षँण लिएको हुनुपर्नेछ ।
ख) प्रत्येक स्कुलमा संगित शिक्षक र खेलकुद शिक्षक अनिवार्य राख्नुपर्छ ।
ग) नैतिक शिक्षा, दुर्व्यसनी, अनुशासन, भ्रष्टचार जस्ता विषयमा हप्तामा एउटा कक्षा राख्नुपर्छ ।
घ) बोडिङ स्कुलमा बच्चालाई बोक्नै नसक्ने किताबको भारी बोकाउने प्रकृतिलाई हटाई वैकल्पिक व्यवस्थापन गर्नुपर्छ ।
ङ) बच्चाको उमेर पाूच वर्ष पुगेपछि मात्र पढाउने व्यवस्थापन गर्न जरुरी छ ।

**Paper Less उपमहानगरपालिका**

सम्पूर्ण नगारबासीको विवरण संकलन गरेर नगरपालिकाले राख्नु पर्दछ । नागरिक कर बुझाउन तयार छन् । प्रकृया सहज हुनुपऱ्यो । सम्भव भए सम्मको बिषयमा सेवाग्राहीहरुलाई कर बुझउने तथा अन्य सुविद्या विना कागजात रेकर्डको आधारमा उपलब्ध गराउनु पर्दछ ।

**फ्रि वाईफाइ जोन**

प्रत्येक वडाको उपयुक्त ४/५ स्थानमा फ्रि वाईफाईको व्यवस्था हुनु पर्छ ।

**स्वरोजगार कोष**

युवा तथा साना व्यवसायी स्वरोजगार कोषले स्थानीय तहले जति छुट्ट्याउछ त्यति बराबर थपिदिन्छ अर्थात स्वरोजगारमा १० करोड हेटौंडा उपमहानगारपालिकाले छुट्याएमा बिना व्याज उक्त कोषले १० करोड थपिदिन्छ । १९ वटा वडामा तथ्याङ्कको आधारमा विपन्न परिवार वा युवालाई विना धितो स्वरोगगारलाई लगानी गर्न सकिन्छ ।

***लेखक:** नेपाली कांग्रेस मकवानपुरका सचिव हुन् ।*

# टुंगियो विधेयक, बाँकी नै रह्यो नागरिकताको राजनीति

काठमाडौं/राष्ट्रपति रामचन्द्र पौडेलले बुधबार प्रमाणीकरण गरेको नागरिकता विधेयकप्रति प्रतिपक्षी दलहरुले विरोध जनाएका छन् । प्रमुख प्रतिपक्षी दल नेकपा एमाले निकट युवा र विद्यार्थीहरु सडक प्रदर्शनमै उत्रिएका छन् ।

उनीहरुले राजधानी उपत्यकासहित देशका विभिन्न शहरमा राष्ट्रपति पौडेल र प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको पुत्ला जलाएका छन् । एमाले नेताहरुले सामाजिक सञ्जालमार्फत विधेयक प्रमाणीकरण हुनासाथ आपत्ति जनाएका थिए । राष्ट्रपतिले असंवैधानिक र राष्ट्रहित विपरीतको कदम चालेको एमाले नेताहरुले बताएका छन् ।



'राष्ट्रपतिले संसदको विशेषाधिकार र संविधानको उल्लैन गरेर प्रमाणीकरण गर्नुभयो । नागरिकता जस्तो संवेदनशील विषयमा सहमति खोज्न आवश्यक थियो', एमाले सचिव योगेश भट्टराई भन्छन् । राष्ट्रपति पौडेलको कदमले मुलुकलाई ध्रुवीकरणतर्फ लगेको उनी बताउँछन् ।

संसदको चौथो ठूलो दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र पाँचौं दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले समेत विधेयक प्रमाणीकरणप्रति आपत्ति जनाएका छन् । 'विधेयकको अन्तर्वस्तु भन्दा पनि प्रक्रिया र समयप्रति असहमति छ । राष्ट्रपति र प्रधानमन्त्रीले जस्तो तरिकाले विधेयक प्रमाणीकरण गरे, त्यो ठीक भएन', राप्रपाका प्रवक्ता मोहन श्रेष्ठ भन्छन् ।

रास्वपा सभापति रवि लामिछानेले पनि विधेयक प्रमाणीकरणको प्रक्रियाप्रति आपत्ति जनाएका छन् । लामिछानेले सरकारले अपनाएको प्रक्रियालाई राष्ट्रहित विपरीतको कदम भनेका छन् ।

'नयाँ जनादेशबाट नयाँ संसद बनेको ६ महिना भइसक्दा पनि संसदमा छलफल नगराइ, यसरी पुरानै विधेयक सरकारले राष्ट्रपतिबाट प्रमाणीकरण गराउनु राष्ट्रपति जस्तो सम्मानित संस्थाको गरिमा विपरीत, लोकतान्त्रिक संसदीय मूल्य मान्यता र राष्ट्रहितविरुद्ध छ', लामिछानेले फेसबुकमा लेखेका छन् ।

राष्ट्रपति पौडेलले बुधबार विज्ञप्तिमार्फत मन्त्रिपरिषदको पत्रलाई आधार मानेर प्रमाणीकरण गरेको उल्लेख गरेका छन् । एमाले सचिव भट्टराईले विधेयक प्रमाणीकरणको सिफारिस मन्त्रिपरिषदले नभएर सार्वभौम संसदले गर्नुपर्ने बताए ।

'संविधानको धारा ६१ र ६६ बमोजिम प्रमाणीकरण गरियो भन्नु संविधानको उल्लैन हो', उनले भने, 'विधेयक प्रमाणीकरणको सिफारिस गर्ने प्रष्ट अधिकार संसदलाई मात्रै छ ।'

एमाले र राप्रपाका नेताहरुले विधेयक प्रमाणीकरणको प्रक्रिया मात्रै नभएर यसको समयबारे पनि प्रश्न उठाएका छन् । 'निष्क्रिय बनेको नागरिकता विधेयकलाई भारत भ्रमणको पूर्वसन्ध्यामा प्रमाणीकरण गर्नुपर्ने सरकारको बाध्यता के आइलाग्यो ?' एमाले महासचिव शंकर पोखरेलले सामाजिक सञ्जालमा लेखेका छन् ।

राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनको पनि पोखरेलसँग मिल्दो टिप्पणी छ । लिङ्देनले प्रधानमन्त्री भारत भ्रमणमा निस्कने दिन प्रमाणीकरण गर्नुलाई आत्मसमर्पणको संज्ञा दिएका छन् । 'नयाँ संसद आएको थियो । तर त्यसलाई बेवास्ता गरेर प्रधानमन्त्री भारत भ्रमण जाने दिन प्रमाणीकरण भएकाले आशंका हुनु स्वभाविक भयो', राप्रपाका प्रवक्ता श्रेष्ठ भन्छन् ।

सत्तारुढ नेताहरुले भने प्रमाणीकरणको बचाउ गरेका छन् । 'संविधान विपरीत विधेयक प्रमाणीकरण भएको छैन । बरु अघिल्लो राष्ट्रपतिबाट भएको गम्भीर गल्ती सच्याएका छौं', कृषि तथा पशुपंक्षी मन्त्री डा.बेदुराम भुसाल भन्छन् । संसदले यसअघि दुईपटक पारित गरिसकेको र त्यो विधेयक अहिले राष्ट्रपति कार्यालयमा भएकाले मन्त्रिपरिषदबाट प्रमाणीकरणको सिफारिस गर्नुपरेको मन्त्री भुसालको तर्क छ । 'विधेयक राष्ट्रपति कार्यालयमा भएकाले फिर्ता ल्याउन मिलेन । अघिल्लो संसदले सिफारिस गरेकाले राष्ट्रपतिले पनि स्वत: प्रमाणीकरण गर्ने कुरा भएन', मन्त्री भुसाल भन्छन्, 'यस्तो अवस्थामा मन्त्रिपरिषदबाट प्रमाणीकरणको अनुरोध गर्ने निर्णय नै संवैधानिक प्रक्रिया हो ।'

## ८ वर्ष लामो अलमल

निवर्तमान राष्ट्रपति विद्यादेवी भण्डारीले रोकेको नागरिकता विधेयक प्रमाणीकरण गर्न मन्त्रि परिषदले गत १२ जेठमा राष्ट्रपति कार्यालयमा सिफारिस गरेको थियो । राष्ट्रपति पौडेलले त्यही सिफारिसका आधारमा विधेयक प्रमाणीकरण गरेको उल्लेख गरेका छन् ।

यो विधेयक ६ साउन २०७९ मा संघीय संसदबाट पारित भएको थियो । तर भण्डारीले प्रमाणीकरण नगरी २९ साउन २०७९ मा संघीय संसदमै फिर्ता पठाइन् । पुनर्विचार गर्न ९ पृष्ठ लामो पत्रसहित भण्डारीले फिर्ता पठाएको विधेयक संघीय संसदको दुबै सदनले फेरि जस्ताको तस्तै पारित गरी २० भदौ २०७९ मा राष्ट्रपति कार्यालयमा पठाएको थियो ।

संसदले दोस्रोपटक पारित गरेर पठाएको विधेयक प्रमाणीकरण गर्न संविधानको धारा ११३ (४) ले राष्ट्रपतिलाई बाँधेको छ । उक्त धारामा भनिएको छ, 'राष्ट्रपतिले कुनै विधेयक सन्देशसहित फिर्ता गरेमा त्यस्तो विधेयकमाथि दुवै सदनले पुनर्विचार गरी त्यस्तो विधेयक प्रस्तुत रुपमा वा संशोधनसहित पारित गरी पुन: पेश गरेमा त्यसरी पेश भएको १५ दिनभित्र राष्ट्रपतिले प्रमाणीकरण गर्नेछ ।'

यसको अर्थ दोस्रोपटक शीतल निवास पठाइएको नागरिकता विधेयक ४ असोज २०७९ भित्र प्रमाणीकरण गर्नुपर्ने संवैधानिक बाध्यता थियो । तर भण्डारीले संविधानकै उल्लैन गरी विधेयक प्रमाणीकरण गरिनन् । त्यही विधेयकलाई गत २५ फागुनमा राष्ट्रपति निर्वाचित पौडेलले प्रमाणीकरण गरेका छन् ।

यो विधेयक प्रमाणीकरण पछि २०७२ सालको संविधान जारी हुनुअघि जन्मका आधारमा नेपाली नागरिकता लिएकाहरुको सन्तानलाई वंशजको अधिकार, आमाको नामबाट पनि नागरिकता, गैरआवासीय नेपालीलाई राजनीतिक-प्रशासनिक अधिकार बाहेकका नागरिकता र अंगीकृत नागरिकता नागरिकताबारे चलिआएकै व्यवस्थालाई निरन्तरता दिएको छ ।

यीमध्ये अंगीकृत नागरिकताबारे दलहरुबीच सहमति जुट्न नसक्दा २०७२ को संविधान कार्यान्वयन गर्नेगरी नागरिकता ऐन आउन सकेको थिएन । २२ जेठ २०७५ मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले संसदमा पेश गरेको यो विधेयकमा अंगीकृत नागरिकताको विषयलाई लिएर तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) सँग नेपाली कांग्रेस र मधेश केन्द्रीत दलहरुको राय बाझिएको थियो ।

नेकपाका नेताहरु नेपाली पुरुषसँग विवाह गरेर आउने विदेशी महिलालाई ७ वर्षपछि मात्रै अंगीकृत नागरिकता दिनुपर्ने पक्षमा उभिए भने कांग्रेस र मधेश केन्द्रित दलहरुले यस्तो शर्त राख्न नहुने अडान लिए । नेकपा फुटेर एमाले र माओवादी ब्यूँतिएपछि भने एमाले ७ वर्षे प्रावधानकै अडानमा रह्यो भने माओवादी अडानबाट पछि हट्यो । प्रमाणीकरण भएको विधेयकले अंगीकृत नागरिकता लिन समयको शर्त राखेको छैन । अर्थात् नेपाली नागरिकसँग विहे गर्ने विदेशी महिलालाई विहे दर्तापछि अंगीकृत नागरिकता पाउने बाटो खुलेको छ । बुधबार प्रमाणीकरण भएको विधेयककै जस्तो प्रावधान राखेर ७ जेठ २०७८ मा ओलीले पनि अध्यादेश ल्याएका थिए । दोस्रोपटक प्रतिनिधिसभा विघटन गर्ने निर्णय भएकै दिन ओलीले ल्याएको उक्त अध्यादेश सर्वोच्च अदालतले कार्यान्वयन नगर्न आदेश दिएको थियो ।

(स्रोत: अनलाइनखबर)

# 'ऐँचो पैँचो' भदौ २९ मै आउँछ कि सर्छ ?



काठमाडौं/नेपाली फिल्मबीच भिडन्त नौलो होइन । यो त एउटा परम्परा जस्तै भैसकेको छ । विदेशी फिल्मदेखि भाग्ने तर स्वदेशी फिल्मसँग भिड्न बाघको मुटु देखाउने प्रवृत्ति नेपाली निर्माताहरुमा छ । प्राय: हरेक हप्ता एकभन्दा बढी फिल्मबीच बक्स अफिसमा प्रतिस्पर्धा हुँदै आएको छ । आगामी भदौ २९ गते पनि विशाल भिडन्तको सम्भावना देखिएको छ, यदि कसैले खुट्टा नकमाएको अवस्थामा ।

यो मिति किन पनि निर्माताहरुको रोजाईमा परिरहेको छ भने असोज १ गते हरितालिका तीज र असोज ३ गते संविधान दिवसको सार्वजनिक विदा छ । शनिबारको विदा त छँदैछ । एउटै हप्तामा तीन दिन विदा भएपछि निर्माता लोभिनु स्वभाविक हो । ठूलो चाडको विदामा फिल्मको व्यापार राम्रो हुन्छ भन्ने विश्वास निर्माताहरुमा छ । हुन पनि सार्वजनिक विदा धेरै फिल्मलाई फापेको छ ।

तीज र संविधान दिवसको विदालाई मध्यनजर गर्दै भदौ २९ मा फिल्मको प्रदर्शन मिति घोषणा गर्न यतिबेला हानाथाप चलिरहेको छ । सबैभन्दा पहिला यो मितिमा आउने तयारी फिल्म 'ऐँचो पैँचो'ले गरेको थियो । तर, औपचारिक घोषणा फिल्म 'नाङ्गो गाउँ'ले गर्‍यो । यसपछि फिल्म 'भगवत् गीता'ले यो मिति रोज्यो । अब फिल्म 'द सेक्रेट्स अफ राधा'लाई पनि यही मितिमा पुन: रिलिज गरिँदैछ ।

अहिलेसम्म फिल्म 'ऐँचो पैँचो'ले भदौ २९ गतेलाई आधिकारिक रुपमा प्रदर्शन मिति घोषणा गरि सकेको छैन । यसैले अब यो फिल्म पोस्टपोन्ड हुनसक्ने विश्लेषण गरिएको छ । निर्देशक कृषा चौलागाईं पनि नेपाली फिलमसँग भिड्ने मनस्थितिमा देखिएकी छैनन् । वितरकहरुसँग सल्लाह भैरहेकाले केही दिनमा फर्स्टलुक पोस्टरमार्फत् फिल्मको प्रदर्शन मिति घोषणा गरिने उनले बताएकी छन् ।

उनी भन्छिन्, 'अहिले वितरकहरुसँग छलफलमा छु । नेपाली फिल्मसँगै भिड्नुभन्दा एक हप्ता पछि आउने कि भन्ने सोचमा पनि छु । केही दिनमा पोस्टरमार्फत् फिल्मको प्रदर्शन मिति घोषणा गर्नेछौं । फिल्म भदौ २९ गते नै पनि आउन सक्छ वा अर्को मितिमा पनि प्रदर्शन हुनसक्छ ।' 'ऐँचो पैँचो'मा स्वस्तिमा खड्का, वर्षा राउत, मुकुन भुषाल, शुशिल सिटौलाको मुख्य भूमिका रहेको छ ।

# विजय र दीयाको 'अन्तिम संस्कार' ट्रेलर रिलिज

काठमाडौं/अभिनेता विजय लामा र अभिनेत्री दीया पुन स्टारर फिल्म 'अन्तिम संस्कार'को ट्रेलर सार्वजनिक गरिएको छ । बुधबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक गरिएको २ मिनेट १७ सेकेन्ड लम्बाईको ट्रेलरमा र हस्यमय हत्याको अनुसन्धानमा जुटेको प्रहरी टोली र केही कुराको खोजीमा बुबा-छोराले गरेको कष्टकर यात्रालाई देखाइएको छ । सार्वजनिक ट्रेलर थ्रिलर र सस्पेन्स युक्त छ ।



प्रदीप शाहीको निर्देशन तथा लेखन रहेको फिल्ममा विजय र दीयासँगै रेश्मा घिमिरे, एवनराज उप्रेती, त्रिचन्द्र राई, विशाल पहारी, कृष्णभक्त महर्जनल, श्याम राई, पासाङ शेर्पा, दिग्गज खत्री, सुस्मिता गिरी, धर्मानन्द आचार्य, सुरज खालिङ, विकास अधिकारी, आईशा तामाङ लगायतको विशेष भूमिका छ । साई प्रोडक्सनको ब्यानरमा ह्याम्साएर एकाउन्टेनले फिलममा सहकार्य गरेको छ ।

कार्यक्रममा अभिनेता लामाले बुबाको अन्तिम संस्कारको दिन 'अन्तिम संस्कार' सम्झौता गरेकाले यो फिल्म आफ्नो लागि एकदमै विशेष रहेको बताए । बुबा अस्पतालमा रहँदा आफूले फिल्मको कथा सुनेको बताउँदै उनले बुबाको अन्तिम संस्कारको दिन फिल्म सम्झौता गरेको स्मरण गरे । उनी भन्छन्, 'मेरो लागि पहिलो फिल्म 'आदर्श नारी' जति विशेष थियो, यो पनि उतिक्कै विशेष छ ।'

दीयाले भने फिल्ममा आफ्नो क्यारेक्टर फरक रहेको बताइन् । फिल्ममा डीएसपीको भूमिका निर्वाह गरेकी उनले भनिन्, 'पहिलो फिल्ममा मलाई निर्देशक मिलन चाम्सले फरक भूमिकामा प्रस्तुत गर्नुभएको थियो । यसमा पनि मेरो भूमिका अलि भिन्न छ । मेरो लागि यो क्यारेक्टर चुनौतीपूर्ण पनि थियो । अघिल्ला फिल्महरुमा म साडी र कुर्थामा देखिएको थिएँ, यसमा भूमिका नै फरक छ ।'

आगामी असार ८ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्मको कार्यकारी निर्माताामा भाइराजा थापा, राजकुमार गुरुङ, सुमन राई, उत्सव विष्ट, रबिन्द्र श्रेष्ठ छन् । विनोद सुवेदी क्षितिज फिल्मका निर्माता हुन् । बाबु श्रेष्ठको छायांकन र रुपेश गुरुङको सम्पादन रहेको फिल्मको प्रोडक्सन डिजाइनर प्रेम खड्का हुन् । फिल्मलाई देशभर वितरण गर्ने जिम्मा एप्पल इन्टरटेन्मेन्टले लिएको छ ।

# होला त भारतसँग दीर्घकालीन विद्युत् व्यापार गर्ने सहमति ?

काठमाडौं/नेपालले भारतसँग दीर्घकालीन विद्युत् व्यापार बारे अन्तरसरकारी सम्झौताका लागि गरेको प्रस्तावमा अझै सहमति जुट्न सकेको छैन । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को भारत भ्रमणमा नै दीर्घकालीन विद्युत व्यापार सम्झौता (लङटर्म पीपीए) गर्ने गरी गृहकार्य गरिएको थियो । यसका लागि दुई पटक ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयको टोली भारत पुगेर छलफल समेत गरेर फर्किएको थियो ।

ऊर्जा मन्त्रालयका अधिकारीहरु नेपालको प्रस्तावमा भारत सकारात्मक देखिए पनि केही विषयमा अन्तिम सहमति जुट्न बाँकी रहेको बताउँछन् । भ्रमणकै क्रममा भारतले पीपीएको लागि सहमति जनाएमा त्यसलाई ठूलो उपलब्धि मान्नुपर्ने बताउँछन् । दुई देशका सरकारबीच नै विद्युत् व्यापारको सम्झौता गर्न भन्दै ऊर्जा मन्त्रालयले प्रस्ताव पठाएको थियो ।

परराष्ट्रमन्त्री नारायण प्रकाश (एनपी) साउदले मंगलबार मन्त्रालयमा गरेको पत्रकार सम्मेलनमा नै प्रधानमन्त्रीको भारत भ्रमणमा नेपाल र भारतबीच दीर्घकालीन विद्युत् खरिद बिक्री सम्झौताको प्रयास गरिने बताएका थिए ।

'नेपालमा जलविद्युत् क्षेत्रमा लगानी बढाउन र यहाँ उत्पादित बिजुली बिक्री हुने सुनिश्चित गर्न भारतसँग लङटर्म पावर डिल गर्ने कोसिसमा छौं' परराष्ट्रमन्त्री साउदले मंगलबार भनेका थिए, 'लगानी गरेकाहरू विद्युत् बेच्न सकिन्छ भन्नेमा आश्वस्त हुन सकुन् भन्ने हेतुले यो प्रयास भइरहेको हो ।'

नेपालले अहिले भारतको 'सर्ट टर्म मार्केट'मा मात्रै विद्युत् बेचिरहेका छन्, अघिल्लो दिन बिडिङ गरेर भोलिपल्ट किन्ने र बेच्ने भइरहेको छ । अब लामो समयका लागि विद्युत् खरिद बिक्री सम्झौता गर्दै ठूला परियोजनाहरुमा लगानी गर्न प्रोत्साहन गर्ने वातावरण बनाउने गरी सरकारले दीर्घकालीन पीपीए गर्ने नेपालको प्रयास छ ।

'प्रधानमन्त्रीस्तरमै यो विषयमा छलफल हुनेछ' ऊर्जा मन्त्रालयका एक अधिकारी भन्छन्,'यदि प्रधानमन्त्रीस्तरमा मात्रै समझदारी जुट्यो भने पनि त्यसले भविष्यमा लङटर्म पीपीए गर्न बाटो खुल्छ ।' प्रधानमन्त्रीस्तरमा सहमति भएर 'संयुक्त वक्तव्य'मा नै यो विषय समेट्न सके पनि उपलब्धि मान्नुपर्ने ती अधिकारीको तर्क छ ।

जलविद्युतका लगानीकर्ताहरुको आम्दानी सुनिश्चित हुने गरी भारतसँग सरकार-सरकार स्तरमै सम्झौता गर्ने ऊर्जा मन्त्रालयका अधिकारीहरु बताउँछन् । अहिलेको 'डे अहेड मार्केट'मा बिजुलीको मूल्य बजारले निर्धारण गर्छ, यसले गर्दा कहिले बिजुली बिक्ने र कहिले नबिक्ने जोखिम हुन्छ । यस्तोमा लगानीकर्ताले जोखिम मोलेर आयोजना नबनाउने भएकाले मूल्यलाई सुनिश्चित गर्ने गरी सरकारीस्तरमै सम्झौता गर्ने नेपालको प्रयास छ ।

विभिन्न समयावधिमा कति बिजुली निर्यात गर्न सकिन्छ भनेर नेपालले यस्तो सम्झौता गर्न प्रस्ताव गरेको हो । ५ देखि ३० वर्षसम्मका लागि यस्तो पीपीए गर्न सकिने अधिकारीहरु बताउँछन् । यस्तो सम्झौता भएमा सरकारले निश्चित अवधिसम्म भारत सरकारलाई नै मूल्य 'फिक्स' गरेर बिजुली बेच्न पाउनेछ । त्यसले बिजुलीको बजार सुनिश्चित भएर नेपालमा जलविद्युतमा विदेशी लगानी आउने क्रम बढ्ने अपेक्षा छ ।

नेपाल र भारतले ४ कात्तिक, २०७१ मा ऊर्जा व्यापार सम्झौता (पीटीए) गरेका थिए । नेपाल र भारतबीच विद्युत् व्यापारको सम्झौता भएका बेला नेपालले भारतमा विद्युत् निर्यात थालेको थिएन । नेपाल लोडसेडिङमा रहेकाले त्यतिबेला नेपालमा विद्युतको आयात बढाउनुपर्ने आवश्यकता थियो ।अहिले अवस्था बदलिएको छ । नेपाललाई हिउँदमा भारतको बिजुली अत्यावश्यक रहे पनि वर्षायाममा नेपालले उत्पादनको झण्डै आधा बिजुली भारतलाई बेच्नुपर्ने अवस्था छ ।

भारतसँग प्रस्ताव गरिएको सम्झौता भएमा भारतसँग दीर्घकालीन विद्युत् खरिद सम्झौता गर्न र सरकारी तवरमै बिजुली किनबेचको संयन्त्र बनाउन सहज हुनेछ ।

अहिले नेपालले भारतीय ऊर्जा खरिद बिक्री बजार (आईईएक्स)मा ४५२ मेगावाट बराबरका विभिन्न आयोजनाको बिजुली निर्यात गर्न अनुमति पाएको छ । प्रतिस्पर्धी बजारमा बिजुली बेच्दा औसत मूल्य कम आएकाले पनि सरकारी तवरबाटै सम्झौता गरेर बिजुली बेच्न खोजिएको हो ।

१८-२० चैत २०७८ मा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमणका क्रममा दुई देशबीच 'ऊर्जा क्षेत्रमा सहकार्य सम्बन्धी संयुक्त दृष्टिकोण पत्र'मा हस्ताक्षर भएको थियो ।

नेपालको जगेडा विद्युतलाई भारतका सबै खालका ऊर्जा बजारमा पहुँच दिने, संयुक्त लगानीमा ठूला आयोजना विकास गर्ने, अन्तर देशीय प्रसारणलाइनको सञ्जाललाई बलियो बनाउने, बीबीआईएनमा आवद्ध देशहरु बंगलादेश, भुटान, भारत र नेपालले क्षेत्रीय विद्युत बजार विकास गर्ने लगायतका विषय समेटेर समझदारी भएको थियो ।

यसपछि भारत सरकारले अरुण-४, पश्चिम सेती र सेती नदी-६ मा लगानी गर्ने समझदारी गरिसकेको छ । फुकोट कर्णाली आयोजनामा पनि ५१ प्रतिशत लगानी गर्न भारतीय सरकारी कम्पनी एनएपीसी इन्डिया लिमिटेड आउने तय भइसकेको छ ।

यो समझदारीपछि मात्रै भारतको प्रतिस्पर्धी बजारमा विद्युत् निर्यातका लागि करिब ४ सय मेगावाटभन्दा बढी आयोजनाहरुले अनुमति पाएका छन् ।

(स्रोत:अनलाइनखबर)

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

साझाकुरा

"तपाई हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।

www.sajhakuranews.com

# उपमहानगरले १० महिनामा संकलन गऱ्यो २३ करोड राजश्व

साझाकुरा संवाददाता

हेटौंडा, १७ जेठ/हेटौंडा उपमहानगरपालिकाले चालु आर्थिक वर्षको १० महिनामा २२ करोड ७० लाख भन्दा बढी राजश्व संकलन गरेको छ । चालु आर्थिक वर्षको १० महिनाको अवधिमा उपमहानगरले २२ करोड ७० लाख ३ हजार तीन सय ३५ रुपैयाँ राजश्व संकलन गरेको उपमहानगरको राजश्व शाखाले जनाएको छ ।



गत आथिर्क वर्ष २०७८/८९ मा ३१ करोड ५६ लाख राजश्व संकलन गरेको उपमहानगर पालिकाको चालु आर्थिक २०७९/८० मा भने २९ करोड ५१ लाख राजश्व संकलन गर्ने लक्ष्य राखेको थियो । उपमहानगरले चालु आर्थिक वर्षको १० महिनामा सम्पत्ति करबापत १ करोड १२ लाख ४४ हजार ९२५ रुपैयाँ, भूमिकर-मालपोतबापत ३ लाख ४८ हजार ८१० रुपैयाँ, घर वहाल कर ३ करोड ४९ लाख २७ हजार २८० रुपैयाँ, बहाल करबापत १ करोड ८५ लाख ४२ हजार ५४९ रुपैयाँ, पूर्वाधार सेवाको उपयोगमा लाग्ने करबापत १ करोड ५२ लाख १ हजार ८०० रुपैयाँ राजश्व संकलन गरेको छ ।

त्यसैगरी बाँडफाँटबाट प्राप्त हुने विज्ञापन करबापट ३३ लाख ८९ हजार ३०३ रुपैयाँ, अन्य मनोरञ्जन कर १ लाख २५ रुपैयाँ, व्यवसायले भुक्तानी गर्ने १ करोड ४४ लाख २२ हजार ५४० रुपैयाँ, सरकारी सम्पत्ति बहालबाट प्राप्त आय ३ लाख ४७ हजार ७ सय रुपैयाँ संकलन गरेको छ । बाँडफाँट भई प्राप्त वन रोयल्टी करबापत ४ लाख ३६ हजार ५६० रुपैयाँ, बाँडफाँट भई प्राप्त खानी तथा खनिजसम्बन्धी रोयल्टीबापत १७ हजार ५ सय रुपैयाँ, बाँडफाँट भई प्राप्त दहत्तर बहत्तरको विक्रीबाट प्राप्त हुने रोयल्टीबाट १८ लाख ८२ हजार ६३३ रुपैयाँ प्राप्त भएको छ ।

अन्य बिक्रीबाट प्राप्त र कमबापत ३ लाख ५५ हजार रुपैयाँ, विद्युतसेवा शुल्कबापत १६ लाख ३ हजार ८५१ रुपैयाँ, अन्य सेवा शुल्कबापत ५९ लाख ७९ हजार ३५४ रुपैयाँ र ढुंगागिट्टी, बालुवा संकलन शुल्कबापत २ करोड ६३ लाख १९ हजार ५८३ रुपैयाँ राजश्व संकलन भएको छ । उपमहानगर पालिकाले ढुंगागिट्टी, बालुवा बिक्रीबापत ११ लाख ६५ हजार रुपैयाँ, सार्वजनिक शौचालयबापत २१ लाख ६५ हजार ११० रुपैयाँ, भूमिगत ढल सेवा शुल्कबापत ५९ हजार रुपैयाँ, कवाडी संकलन तथा बिक्री ४९ लाख १८ हजार ३०९ रुपैयाँ, न्यायिक दस्तुबापत १ हजार २९८ रुपैयाँ र शिक्षा क्षेत्रको आम्दानीबापत ४ लाख ९२ हजार १५० रुपैयाँ राजश्व संकलन भएको छ ।

नक्सापास दस्तुर कर बापत ९५ लाख ९६ हजार २२१ रुपैयाँ, सिफारिस दस्तुबापत २ करोड ३५ लाख ४१ हजार ५२१ रुपैयाँ, व्यक्तिगत घटना दर्ता दस्तुर बापत १० लाख ६६ हजार ४ सय रुपैयाँ, न्यायिक दण्ड, जरिवाना र जफत करबापत २ सय रुपैयाँ प्रशासनिक दण्ड, जरिवाना र जफत ८६ लाख ४६ हजार ९४२ रुपैयाँ र अन्य राजश्व करबापत २८ हजार रुपैयाँ राजश्व संकलन गरिएको राजश्व शाखाप्रमुख श्याम श्रेष्ठले जानकारी दिए ।

**चालु वर्षमा राजश्वमा गिरावट आउन सक्ने**

हेटौंडा उपमहानगर पालिका प्रवक्ता सविन न्योपानेले राजश्व संकलन विविध कारणले सन्तोषजनक नभए पनि अगामी वर्षदेखि व्यवस्थित र कडाई गरिने बताए । उनका अनुसार हालसम्म आईईई स्वीकृत नभएको, दहत्तर असुली सम्बन्धमा प्रदेश आर्थिक ऐनमा स्पष्टता नभएको र चालु वर्षदेखि सिमेन्ट निकासी कर खारेज भएको छ ।

सडक पूर्वाधारको ठेक्का समयमा नलागेको, घरजग्गा बिक्री वितरणमा कमी आएको, घर निर्माण कार्यमा कमी आएको र नदीजन्यपदार्थको बक्यौता रकम पटकपटक पत्राचार गर्दा पनि केही ऋसरल मात्र बुझाएको र बढी संख्यामा मन्दीको कारण देखाई बक्यौता रकम नबुझाउँदा राजश्व संकलमा समस्या भएको प्रवक्ता न्यौपानले बताए ।

उनले आगामी आर्थिक वर्षमा राजश्व संकलनमा बृद्धि गर्न उपमहानरले घरवहाल व्यक्तिगत र ब्यावसायिक छुट्याएर शुल्क लिने र ढुंगागिट्टी, बालुवा बिक्रीबापत कर बढाउका साथै नदीजन्यपदार्थको ठेक्का समयमै लगाउने बताए ।

# एनआरएनए नागरिकता : सम्पत्ति किनबेच गर्न पाउने, भोट हाल्न नपाउने

काठमाडौं/राष्ट्रपति रामचन्द्र पौडेलले नागरिकता विधेयक प्रमाणीकरण गरेका छन् । ९ महिनाअघि तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले होल्ड गरेको विधेयक राष्ट्रपति पौडेलले बुधबार बिहान प्रमाणीकरण गरेका हुन् ।



मन्त्रिपरिषद्‌को १२ जेठको निर्णय अनुसार विधेयकको विभिन्न अवस्था र स्थिति उल्लेख गरी प्रमाणीकरणका लागि मन्त्रिपरिषद् कार्यालयले पत्र लेखेको भन्दै राष्ट्रपति पौडेलले आफ्नो निर्णयमा लेखेका छन्, 'नेपालको संविधानको धारा ६१ को उपधारा (२) (३) (४) र धारा ६६ एवं सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त बमोजिम विधेयक प्रमाणीकरण गरेको छु ।'

यो विधेयक प्रमाणीकरणसँगै २०७२ सालको संविधान जारी हुनुअघि जन्मका आधारमा नेपाली नागरिकता लिएकाहरुको सन्तानलाई वंशजको नागरिकता लिने बाटो खुलेको छ । नेपाली आमाबाट जन्मिएका, तर बाबुको पहिचान नभएका बालबालिकालाई पनि आमाको नामबाट नागरिकता लिने बाटो खुलेको छ ।

साथै गैरआवासीय नेपालीले माग गर्दै आएको एनआरएनए नागरिकता प्राप्तिका लागि पनि बाटो खुलेको छ । उनीहरुले नागरिकता पाए पनि राजनीतिक अधिकार भने पाउने छैनन् । तर एनआरएनए नागरिकता प्राप्तिका लागि विधेयक प्रमाणीकरण मात्र पर्याप्त हुन्न । यसको प्रक्रियागत कुराहरू खुलाउन नियमावली चाहिन्छ ।

वरिष्ठ अधिवक्ता राधेश्याम अधिकारी भन्छन्, 'ऐन बनेपछि त्यसलाई कसरी कार्यान्वयन गर्ने भनेर नियमावली बनाउनुपर्छ । गृह र परराष्ट्र मन्त्रालय मिलेर बनाइसकेको छ भने लागू गर्नुपर्छ, बनेको छैन भने बनाउनुपर्छ ।'

**राजनीति र सरकारी जागिरमा 'नो इन्ट्री'**

गैर आवासीय नेपालीले नागरिकता पाउन केही शर्त छन् । पहिलो, एनआरएनए नागरिकता लिन चाहने व्यक्ति स्वयं वा बाबु वा आमा, बाजे वा बज्यैले नेपालको नागरिकता लिएको हुनुपर्छ ।

यदि एनआरएनए नागरिकता लिन चाहने व्यक्ति स्वयंले नेपालको नागरिकता लिएको भए त्याग गरेको र सार्क मुलुक बाहेकका देशको नागरिकता लिएको प्रमाण पेश गर्नुपर्छ । साथै नेपालको संविधान र कानुनको परिपालना गर्ने प्रतिबद्धता पत्र पनि जनाउनुपर्छ ।

यसरी नागरिकता लिएपछि राजनीतिक र प्रशासनिक बाहेकका अधिकार प्रयोग गर्न पाइन्छ । २०७२ को नयाँ संविधानमै एनआरएनए नागरिकता वाहकले आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार मात्र उपभोग गर्न पाउने उल्लेख गरिएको छ ।

अर्थात् एनआरएनए नागरिकता वाहकले मतदान गर्ने, राजनीतिक दल खोल्ने वा दलको पदाधिकारी हुने, जनप्रतिनिधि हुने, राजनीतिक नियुक्तिमा जाने राजनीतिक अधिकार पाउने छैनन् । सरकारी सेवामा प्रवेश गर्ने प्रशासकीय अधिकार पनि एनआरएनए नागरिकता वाहकले पाउने छैनन् ।

**सम्पत्ति किनबेचमा सहज**

एनआरएनए नागरिकताले आर्थिक गतिविधि गर्न भने गैर आवासीय नेपालीलाई सहज हुन्छ ।

वरिष्ठ अधिवक्ता अधिकारीका अनुसार विदेशको नागरिकता लिनुअघि नै नेपालमा जोडेको सम्पत्तिलाई विद्यमान कानुनले असर गरेको छैन । तर त्यसलाई राख्ने कि नराख्ने भन्ने धेरैमा अन्योल थियो । अब त्यो पिरलो हटेको भन्दै उनले भने, 'एनआरएनए नागरिकताले अब त्यो तीन पुस्तालाई सुरक्षित भयो ।'

अधिवक्ता सुनिल पोखरेलका अनुसार एनआरएनएलाई नेपालमा जग्गा खरिदमा पनि सीमा थियो । सरकारसँग अनुमति लिएर काठमाडौं उपत्यकामा २ रोपनी र बाहिर नगर क्षेत्रमा ८ कठ्ठा किन्न सकिने व्यवस्था छ । व्यापार व्यवसायका लागि एनआरएनए कार्ड मार्फत जानुपर्ने थियो । अब एनआरएनए नागरिकता लिएपछि उनीहरूले अरू नेपाली नागरिक सरह सम्पत्ति जोड्न र व्यापार व्यवसाय गर्न सक्ने उनले बताए ।

नेपालको नागरिकता नत्यागेको र विदेशको नागरिकता लिएको अवस्थामा नेपालमा सम्पत्ति जोड्नेहरू पनि रहेको अनुमान छ । तर यसको यकिन विवरण छैन । उनीहरूले नेपालको नागरिकता प्रयोग गरेर घरजग्गा खरिद गरेका हुन सक्छन् ।

अहिलेको कानुन बमोजिम यो सम्पत्ति अवैध हुन्छ । तर संविधानले आफ्नो सम्पत्तिको अधिकार सुनिश्चित गरेका कारण एनआरएनए नागरिकता लिएपछि त्यो सम्पत्तिलाई एक पटकका लागि वैध बनाउने बाटो खोल्नुपर्ने उनी बताउँछन् ।

अधिवक्ता पोखरेल भन्छन्, 'अब सरकारले विदेशको नागरिकता लिएर पनि नेपालमा सम्पत्ति जोडेको छ भने एनआरएनए नागरिकता प्राप्त गरेको निश्चित अवधिभित्र ट्रान्सफर गर्न दिने र त्यसपछि अवैध हुने घोषणा गऱ्यो भने सदाका लागि समस्या समाधान हुन्छ ।'

**फेरि नेपाली नागरिकता लिन पाइन्छ ?**

गैरआवासीय नेपालीहरूमा एक पटक एनआरएनए नागरिकता लिएपछि भोलि चाहेको बेला नेपालको वंशजको नागरिकता पाइन्छ कि पाइन्न भन्ने प्रश्न छ ।

वरिष्ठ अधिवक्ता अधिकारीका अनुसार यो विषय प्रष्ट छैन । एनआरएनए नागरिकताको व्यवस्था आउनुअघि विदेशको नागरिकता त्यागे नेपालको नागरिकता लिनसक्ने व्यवस्था रहेको स्मरण गर्दै उनले अगाडि भने, 'पाइरहेको अधिकार घटाउने हुन्न होला ।'

*(स्रोत: अनलाइनखबर)*

# दिवा खाजासँगै रमाउँदै भृकुटी माविका विद्यार्थी

साझाकुरा संवाददाता

हेटौंडा, १७ जेठ/विद्यालय समयमा दिवाखाजाको व्यवस्था भएपछि हेटौंडा उपमहानगरपालिका-१४ स्थित भृकुटी माध्यमिक विद्यालयका बालबालिका नियमित स्कुल जान थालेका छन् । पढाईसँगसँगै खाजाको पनि व्यवस्था भएपछि बालबालिका विद्यालय नियमित आउन थालेका हुन् ।

सरकारले आधारभूत तहका कक्षा १ देखि ६ सम्मका विद्यार्थीलाई दिवाखाजाको कार्यक्रम सुरु गरेपछि अध्ययन अध्यापनमा सहजता मिलेको भृकुटी माध्यमिक विद्यालयका प्रधानध्यापक अच्युतकृष्ण रिजालले बताए । 'विद्यार्थीहरु भोकले कक्षाकोठामै निदाउने गर्थे तर, अहिले दिवाखाजाका कारण धेरै सहज भएको छ,' उनले भने । उपमहानगरपालिका क्षेत्रकै विद्यालय भएपनि ग्रामीण क्षेत्र भएकाले खाजा नल्याउने अवस्थाका विद्यार्थीलाई दिवाखाजाले प्रभाव पारेको उनी बताउँछन् ।

दिवाखाजा कार्यक्रमपछि विद्यार्थी नियमित आउनुका साथै र मध्यान्तरपछि भागेर घर जाने प्रवृत्ति शतप्रतिशत घटेको प्रअ रिजालले जानकारी दिए । यहाँ अधिकांश बालबालिका तामाङ समुदायका छन् । विद्यालयमा हाल ३ सय ४० जना विद्यार्थी अध्ययनरत छन् । जसमा कक्षा ६ सम्मका १५८ जना विद्यार्थीलाई दिवाखाजाको व्यवस्था गरिएको छ ।

छात्रा एलिसा लामाले दिवा खाजा पाएपछि स्कुल नियमित आउन थालेको बताइन् । 'कुनै दिन त भोक लागेर छुट्टी माग्नुपर्ने अवस्था आउँथ्यो तर, अहिले विद्यालयमै बसेर खाजा खान पाउँदा निकै खुशी लागेको छ,' उनले भनिन् । प्रतिविद्यार्थी १५ रुपैयाँका दरले नेपाल सरकाले पालिकामार्फत विद्यालयको खातामा पैसा पठाउने गरेको छ । विद्यालयले हरेक हप्ता जाउलो, खीर, हलुवा, चना तरकारी, भुजा, हरियो तरकारी गरी फरकफरक किसिमका खाजा दिने गरेको विद्यालयका सहायकप्रधानाध्यापक प्रेमप्रसाद गौतमले जानकारी दिए ।

कतिपय सामुदायिक विद्यालयले दिवाखाजको रुपमा जंकफुड दिएको पाइन्छ । तर, भृकुटी माविले भने बालबालिकाको स्वास्थ्यलाई ख्याल गरी नेपाल सरकारको मापदण्डअनुसार दिवाखाजाको व्यवस्था गरेको प्रअ रिजालले जानकारी दिए । सरकारले उपलब्ध गराएको १५ रुपैयाँ अत्यन्तै न्यून भएपनि विद्यालयले ब्यवस्थापन गरी नियमित खाजा उपलब्ध गराएको छ । सरकारले एक शैक्षिकसत्रमा एकसय ८० दिनको दिवाखाजको रकम विद्यालयमा उपलब्ध गराउने बताइएको छ । विद्यार्थीको हाजिरी दिन गनेर रकम उपलब्ध गराइन्छ ।

# निर्माण नसक्दै प्रचण्ड र मोदीले उद्‌घाटन गर्दैछन् विराटनगरको रेल

विराटनगर/भारत भ्रमणमा रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र भारतीय समकक्षी नरेन्द्र मोदीले बिहीबार भारतको बथनाहादेखि विराटनगरको बुधनगरसम्मको रेलवे सेवाको उद्‌घाटन गर्दैछन्।

रेल विभागका प्रवक्ता इन्जिनियर अमन चित्रकारका अनुसार बिहीबार दिल्लीबाट दुई देशका प्रधानमन्त्रीले झण्डा देखाएर रलवे र कार्गो रेल उद्घाटन गर्नेछन्। प्रचण्ड र मोदीले झण्डा देखाएपछि बथनाहाबाट भारतीय पक्षले कार्गो रेललाई बिदाइ गर्ने र बुधनगरमा नेपाली पक्षले स्वागत गर्नेछ।

विराटनगरको एकीकृत भन्सार जाँच चौकी (आईसीपी) सम्म आइपुग्ने मालवाहक रेलले आरती स्ट्रिप्स, स्वस्तिक रोलिङ, हुलास वायर र प्रिमियर स्टिल उद्योगको कच्चा सामग्री ल्याउनेछ । पूर्वका व्यवसायीले सीमावर्ती बथनाहादेखि विराटनगरको आईसीपीसम्म आइपुगेको रेलमार्गलाई कार्गो ढुवानीका लागि खुला गर्न लामो समयदेखि माग गर्दै आएका थिए ।

भारतको बथनाहाबाट विराटनगरको आईसीपी रेलवे स्टेसनसम्म बिछ्याइएको ८ किलोमिटर रेलमार्गमा २०७५ कात्तिक ८ गते रेल सञ्चालनका लागि परीक्षण भएको थियो। उद्घाटन गर्ने भएपछि बुधबार पनि परीक्षण गरिएको थियो ।

उद्घाटनपछि भारतको बनथाहादेखि विराटनगरको बुधनगर सम्मको ८ किलोमिटर दूरीमा कार्गो रेल नियमित सञ्चालन हुनेछ। यात्रुवाहक रेल सेवा भने कटहरीसम्म रेलमार्ग निर्माण भएपछि मात्रै सञ्चालन हुनेछ।

भारतको बथनाहादेखि विराटनगर हुँदै कटहरीसम्म १८.१ किलोमिटर रेलवेको निर्माण सन् २०११ मा सुरु भएको थियो। जसमध्ये बथनाहबाट बुधनगरसम्म ८ किलोमिटर मात्रै निर्माण भएको छ । बाँकी ८ किलोमिटरमा संरचना तयार भइरहेको छ। करिब साढे २ किलोमिटर क्षेत्रमा जग्गा अधिग्रहणसम्बन्धी विवादका कारण काम हुनसकेको छैन।

बथनाहादेखि बुधनगर सम्म (भारततर्फ ५ र नेपालतर्फ ३ किलोमिटर) रेलमार्ग निर्माण भने चार वर्षअघि नै पूरा भएको थियो। दुई प्रधानमन्त्रीले रेलवेको उद्घाटन गरे पनि १० किलोमिटर क्षेत्रको काम कहिले सकिन्छ टुंगो छैन। विभागका प्रवक्ता चित्रकारका अनुसार जग्गा प्राप्ति विवादका कारण कटहरीको हुलाकी राजमार्गबाट उत्तर.तर्फको काम अघि बढेको छैन ।

भारतीय पक्षको आर्थिक र प्राविधिक सहयोगमा सन् २०११ मा सम्झौता गरी निर्माण सुरु भएको रेल परियोजनाको सम्पन्न गर्ने समय भने नतोकिएको उनले बताए। 'प्रोजेक्टमा निर्माण अवधि हुन्छ, तर रेलवेमा तोकिएको छैन' उनले भने, 'आर्थिक र प्राविधिक पक्ष भारतीय पक्षले हेर्छ ।'

भारतको बथनाहाबाट विराटनगर-हुँदै कटहरी गाउँपालिका-१ महेशपुरमा अन्तिम स्टेशन निर्माण गर्ने योजना छ। तर मुआब्जा विवादले निर्माण अन्योलमा परेको छ ।

भारततर्फ पाँच र नेपालतर्फ १३ गरी रेलवेको लम्बाई १८.१ किलोमिटर छ। नेपालतर्फ रेलवे परियोजनाका लागि ११९.८ विघा जग्गा अधिग्रहण गर्नुपर्नेछ। जसमध्ये २१ विघा जग्गा अधिग्रहण २०७० सालदेखि रोकिएको छ । जग्गाको मुआब्जा दररेटमा चित्त नबुझाएर जग्गाधनीले हालेको मुद्दा सर्वोच्च अदालतमा विचाराधीन रहेको यो मुद्दा हेरिरहेका अधिवक्ता भक्तिनाथ माझीले बताए।

परियोजना निर्माणको ठेक्का ३ अर्ब ७३ करोड भारतीय रुपैयाँमा इरकोन नामक भारतीय कम्पनीले लिएको थियो। आर्थिक र प्राविधिक लगानी भारतको भएकाले नेपाल पक्षले लगानीको विषयमा बताएको छैन।

*(स्रोत: अनलाइनखबर)*

# बुद्धचोकमा राष्ट्रपति र प्रधानमन्त्रीको पुत्लादहन

साझाकुरा संवाददाता

हेटौंडा, १७ जेठ/नागरिकता विधेयक प्रमाणीकरण, टिकापुर घटनाका दोषि रेशम चौधरीको रिहाई र भारतले नेपाली भूभागसहितको नक्सा बनाउँदा नबोलेको भन्दै हेटौंडामा राष्ट्रपति र प्रधानमन्त्रीको पुत्ला जलाइएको छ ।



हेटौंडाको बुद्धचोकमा नेकपा एमाले निकट अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) निकट युवाहरुले मकवानपुरले राष्ट्रपति र प्रधानमन्त्रीको पुत्ला जलाएको हो । राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको पुत्ला जलाउँदै नागरिकता विधेयक फिर्ताको माग राखेका छन् ।

पुत्ला जलाउनु अघि अनेरास्ववियुले कोणसभा गरेको थियो । अनेरास्ववियुले राष्ट्रपति पौडेलद्वारा एकपटक फिर्ता भइसकेको विवादास्पथ नागरिकता विधेयकलाई नयाँ जनादेश प्राप्त प्रतिनिधिसभामा छलफल नै नगराई प्रमाणीकरण गरेर राष्ट्रघाती काम गरेको, राजनीतिक आवरणमा टीकापुर हत्याकाण्ड गराएका रेशम चौधरीको रिहाई गराएर राम्रो नगरेको आरोप लगाएको छ ।

चौधरीको रिहाईले जघन्य अपराधमा सरकारले प्रशय दिने काम गरेको अनेरास्ववियु मकवानपुरले आरोप लगाएको हो । प्रधानमन्त्री प्रचण्डले भारतले नयाँ संसदमा नेपालको भूभाग समेटेर नक्सा बनाउँदासमेत सरकार चुप लागेको र भारत जानुअघि नागरिकता विधेयक प्रमाणीकरण गराएर भारतलाई खुशी पार्ने नाममा राष्ट्रघाती काम गरेकोले पुत्ला जलाइएको अनेरास्ववियु मकवानपुरका सचिव पुष्कर तिमल्सिनाले बताए । कोणसभालाई सम्बोधन गर्दै तिमल्सिनाले सरकारलाई दलालको संज्ञा दिँदै राष्ट्रघाती काम गर्ने राष्ट्रपति र प्रधानमन्त्रीलाई कुनै बहानामा माफी दिनसमेत नमिल्ने आरोप लगाए ।

# १८ नम्बर वडासँग पेनाल्टी सुटआउटमा चुक्यो ४ नम्बर

साझाकुरा संवाददाता

हेटौंडा, १७ जेठ/हेटौंडामा जारी तेश्रो वडास्तरीय मेयर कप फुटबल प्रतियोगितामा १८ नम्बर वडासँग पेनाल्टी सुटआउटमा ४ नम्बर वडा पराजित भएको छ ।

हेटौंडा-५ पिप्ले क्याम्पा रंगशालामा भएको खेलमा दुई टोलीले निर्धारित समयमा गोलरहित बराबरी खेलेका थिए । खेल ट्राइबेकरमा धकेलिएपछि नतिजा १८ नम्बर वडाले निकालेको हो । १८ नम्बर वडाले ४ नम्बर वडालाई ४-३ गोल अन्तरले पराजित गरेको हो । हेटौंडा-१८ का लागि अनिल घलान, आयुर घलान, सुनिल घलान र सन्देश भोम्जनले गोल गरे भने हेटौंडा-४ का लागि अलिस देउला, दिपेश भण्डारी र शक्तिमान तामाङले गोल गरेका थिए ।

उपमहानगरका १९ वडाको सहभागिता रहेको प्रतियोगितामा विजेताले नगद २ लाख, उपविजेता १ लाख ५० हजार, सन्तवना २ वटा टिमलाई ५०/५० हजार, सर्वोत्कृष्ट खेलाडीलाई १५ र उत्कृष्ट खेलाडीलाई ५/५ हजार रुपैयाँ नगदसहित शिल्ड तथा मेडल पुरस्कार रहेको आयोजकले जनाएको छ ।

प्रतियोगिताअन्तर्गत आज बिहीवार हेटौंडा-७ र ११ नम्बर वडाबीच खेल हुने आयोजकले जनाएको छ । हेटौंडा उपमहानगर पालिका नगर खेलकुद बिकास समितिको आयोजनामा भएको प्रतियोगिता २७ जेठसम्म सञ्चालन हुनेछ ।

# गाई काटेको आरोपमा बकैयाका ५ जना हिरासत पुगे

साझाकुरा संवाददाता

हेटौंडा, १७ जेठ/जिल्लाको पूर्वी क्षेत्रस्थित बकैया गाउँपालिकामा गाई काटेको आरोपमा महिलासहित ५ जना प्रहरी हिरासतमा पुगेका छन् ।

१२ जेठमा बकैया-५ स्थित तीनतलेबाट गाई काटेको आरोप लागेपछि प्रहरीले ५ जनालाई पक्राउ गरेर अनुसन्धान गरिरहेको छ । जिल्ला अदालतबाट आरोपित ५ जनालाई १२ दिनको म्याद थप गरेर अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता टेकबहादुर कार्कीले बताए । प्रहरीले तीनजना महिला ५५ वर्षीया माइली थिङ, ६३ वर्षीया साइलीमाया गोले, ४८ वर्षीया सपना स्याङ्तान, ३० वर्षीय जयराम स्याङ्तान र ४८ वर्षीय दिनेश थिङलाई पक्राउ गरेको डिएसपी कार्कीले बताए ।

बकैयामा यसअघि पनि गाई काटेकै आरोपमा एउटै गाउँका १० जना पक्राउ परेर धरौटीमा छुटेका थिए । गत शुक्रबार तीनतलेबाट गाईको मासु भाग लगाउँदै गरेको अवस्थामा पक्राउ गरिएको डिएसपी कार्कीलले *साझाकुरा*लाई जानकारी दिए ।

हार्दिक बधाई तथा शुभकामना

बागमती प्रदेश सरकारले गणतन्त्र दिवसको अवसरमा मकवानपुरका क्रियाशील पत्रकार तथा रेडियो मनहरीका स्टेशन म्यानेजर **शिवकुमार काशी**लाई ग्रामीण पत्रकारिता पुरस्कारबाट सम्मानीत गरेको र मसिने शान्ति सामुदायिक वन उपभोक्ता समूह, मनहरी-४ को वार्षिक साधारणसभा तथा अधिवेशनले **रामहरि बिष्ट**लाई गरिमामय अध्यक्षमा चयन गरेकोमा हार्दिक बधाई सहित सफल कार्यकालको शुभकामना ब्यक्त गर्दछु ।

**माधव गौतम(अध्यक्ष)**

**श्री पशुपतिनाथ माध्यमिक विद्यालय**

राष्ट्रियता ! लोकतन्त्र !! समाजवाद !!!

नेपाली कांग्रेस

हेटौंडा उपमहानगरपालिका कार्यसमिति

हार्दिक निमन्त्रणा

नेपाली कांग्रेसका सहमहामन्त्री तथा पूर्व जलस्रोत राज्यमन्त्री श्री महालक्ष्मी उपाध्याय (डिना) ज्यूको प्रमुख आतिथ्यतामा हेटौंडा उपमहानगरपालिका कार्यसमिति मकवानपुर द्वारा तपशिलमा उल्लेखित मिति, समय र स्थानमा

नगर सम्मेलन

सम्पन्न हुन गइरहेको सम्पूर्णमा जानकारी गराउँदै हेटौंडा उपमहानगरपालिका कार्यसमिति मकवानपुर अन्तर्गत रहेका वडाका सभापति ज्यूहरु, निर्वाचित जनप्रतिनिधि ज्यूहरु, क्षेत्रीय प्रतिनिधि ज्यूहरु, भातृसंगठन, शुभेच्छुक संठनका सभापति, पदाधिकारी, सदस्य, सल्लाहकार ज्यूहरु, क्रियाशिल तथा साधारण सदस्यहरुमा गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

तपशिल
मिति:- २०८० जेठ २० गते शनिबार
समय:- बिहान ११:०० बजे
स्थान:- रोयल पाटी प्यालेस, हेटौंडा-४, मेनरोड

सविन न्यौपाने
सचिव
हेटौंडा उपमहानगरपालिका कार्यसमिति

"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"

आधुनिक सुन चाँदी पसल

हेटौंडा-२, पुरानो मकवानपुर रोड



हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।

प्रो. राजु सेन्चुरी
सम्पर्क नं. :
९८४५५३०५६३, ९८१५२२४३४३